राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ३७, वैशाख ४ गते शुक्रबार, २०८३ (17 April, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# नयाँ वर्ष, नयाँ परिवेश र नयाँ चुनौती

## उपलब्धिको संरक्षणमा एकजुट हुन राष्ट्रपतिको अपिल, साझा राष्ट्रिय लक्ष्यको संकल्प गर्ने दिन

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** राजनीतिक-सामाजिक क्षेत्रमा तीव्र होहल्ला र कोलाहल सहित नेपाली इतिहासकै केही सीमित र दुर्लभ कालहरुको शृङ्खलाकै एउटा अङ्गका रुपमा गणना हुने कहालीलाग्दो समय बनेर बिक्रम सम्बत्को वर्ष २०८२ ले बिदा लिएको छ । र, नयाँ वर्ष २०८३ को थालनीसँगै नेपाली नागरिक र समाजले बिर्सन लायक बितेको वर्षकै नियति फेरि कहिल्यै देख्नु-भोग्नु नपरोस् भन्ने अपेक्षा गरेको छ ।




संसदमा कायम सदस्य सङ्ख्याको झण्डै दुईतिहाइको समर्थनमा करिव डेढ वर्षअघि गठन भएको परम्परागत संसदवादी दलहरु एमाले-कांग्रेसको संयुक्त सरकारले जनअपेक्षा, राष्ट्रिय आवश्यकता र समसामयिक परिस्थितिको समयानुकूल सम्बोधन गर्न नसक्दा मुलुकमा भयंकर जनआक्रोश, कुण्ठा र निराशा मौलाइरहेकै थियो । आफ्ना राजनीतिक, आर्थिक, सामरिक, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्वार्थसिद्धिका निम्ति मौका ढुकिरहेका राष्ट्रिय-अन्तर्राष्ट्रिय तत्त्व र शक्तिहरु ठीक यही परिस्थितिको नाजायज फाइदा उठाउँदै भदौ २३ र २४ मा मुलुकमा भयानक विध्वसंकारी आततायी हर्कत गर्न सफल भए । 'जेन-जी' भनिएको नवयुवा पुस्ताका केही युवाहरुको सामान्य विरोध प्रदर्शनलाई ढाल बनाएर ती तत्त्वहरुले मुलुकको संविधान च्यात्न प्रयत्न गरे, राष्ट्रपति बर्खास्त गर्ने कोसिस गरे र एक किसिमले भन्ने हो भने समग्र मुलुकको अस्तित्वलाई नै धुलीसात पार्ने दुष्प्रयास गरे । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका मुख्यालय सहित कयौं अङ्ग र हजारौं निजी निवास तथा सवारी साधनसहित खर्बौंको सम्पत्ति र ऐतिहासिक धरोहरलाई तोडफोड गर्ने मात्र नभई जलाएरै खरानीको थुप्रोमा रुपान्तरित गर्ने हर्कत गरियो । र, त्यसैको आडमा सोझै संविधानलाई कुल्चिएर जननिर्वाचित प्रतिनिधिसभा भंग गराउन र अनेकौं कोणबाट

क्रमशः अन्तिम पृष्ठमा

# नेपाली कांग्रेसका पछिल्ला ८ निर्णय

**काठमाडौं ।** वर्तमान सरकारले गर्ने भनिएको सम्पत्ति छानबिनप्रति नेपाली कांग्रेसले आशंका प्रकट गरेको छ । सम्पत्ति छानबिनका लागि भन्दै सरकारले गठन गरेको आयोगमा कार्यपालिकाको तीव्र हस्तक्षेप हुन सक्ने कांग्रेसको निष्कर्ष छ ।

कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकले अयोग गठनलाई स्वागत गरेको छ तर त्यसलाई मन्त्रिपरिषद कार्यालयमार्फत भने नराख्न सुझाव दिएको छ । 'सरकारको शासकीय सुधार कार्यसूचीमा आवश्यक कानुनी प्रबन्ध गरी सम्पत्ति छानबिन गर्ने उल्लेख भए पनि सो अनुसार कानुन निर्माण नगरी मन्त्रिपरिषदको निर्णयबाट आयोग गठन गरिएको छ, जुन आफ्नो घोषणासँग बाझिएको छ,' नेपाली कांग्रेसद्वारा जारी विज्ञप्तिमा उल्लेख छ- 'यस्तो आयोग प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयअन्तर्गत राख्नु उपयुक्त हुँदैन, किनकि यसले कार्यपालिकाको हस्तक्षेपको सम्भावना बढाउँछ र निष्पक्षता प्रभावित हुन सक्छ; आयोग स्वायत्त र स्वतन्त्र हुनुपर्छ । हालको संरचनाले अपेक्षित स्वायत्तता कायम गर्न नसक्ने हुँदा यसको कार्यशैली विवादास्पद हुन सक्ने विषयमा नेपाली कांग्रेसले सरकारको ध्यानाकर्षण गराउँछ ।'

**यस्ता छन् कांग्रेसका समसामयिक ८ निर्णयहरू :**

१. संसदमा प्रमुख प्रतिपक्षको भूमिका र सरकाारसँगको सम्बन्ध

- नेपाली जनताले २००७ साल अघिदेखि २०८२ सम्म पटक-पटक गरेका संघर्ष र आन्दोलनले रोपेका स्वतन्त्रता, समता, सम्मान र सहअस्तित्वका मूल्यहरूलाई लोकतन्त्रकै उर्वर भूमिमा हुर्काउन सकिन्छ भन्ने कुरामा नेपाली कांग्रेसको दृढ विश्वास छ । संविधानमा लिपिबद्ध लोकतन्त्र, गणतन्त्र, संघीयता, नागरिक सर्वोच्चता, बहुलवाद, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता, विधिको शासन, मानव अधिकार र भाषिक, सांस्कृतिक एवं धार्मिक विविधता जस्ता सारभूत मूल्य-मान्यताप्रति कुनै सम्झौता नगरी आफ्नो निर्वाचन प्रतिज्ञापत्रमा उल्लेखित नीतिगत, संस्थागत र संरचनागत सुधारका प्रतिबद्धता अनुसार नेपाली कांग्रेसले संसदमा प्रमुख प्रतिपक्षको भूमिका प्रभावकारी रूपमा निर्वाह गर्नेछ ।
- सुशासन, पारदर्शिता, उत्तरदायित्व, अभिव्यक्ति स्वतन्त्रता र बलियो संसदीय संस्कार- यी पाँच स्तम्भलाई मजबुत बनाउन नेपाली कांग्रेस सदैव प्रतिबद्ध रहनेछ । सहिष्णुता, संवाद र सम्मानपूर्ण व्यवहारमार्फत नै संसदीय लोकतन्त्र सुदृढ हुन्छ भन्ने नेपाली कांग्रेसको मान्यता छ । अतः सरकारका कानुनसम्मत कार्यमा साथ र समर्थन रहनेछ तथा राष्ट्रिय सरोकारका साझा विषयमा सहकार्य गरिनेछ । तर विधिको शासन, नागरिक अधिकार र लोकतान्त्रिक मूल्यहरू संकुचित गर्ने कुनै पनि कार्यमा नेपाली कांग्रेसको समर्थन रहने छैन । सरकारलाई त्यस्ता कदम नचाल्न सचेत गराउँदै ध्यानाकर्षण गराइन्छ ।

२. अभिव्यक्ति स्वतन्त्रता र लोकतन्त्रको संरक्षण

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको प्राण हो । नागरिकले भयरहित वातावरणमा निर्बाध रूपमा आफ्नो विचार व्यक्त गर्न पाउनुपर्छ भन्ने मान्यतामा नेपाली कांग्रेस स्थापना कालदेखि दृढ रही

क्रमशः अन्तिम पृष्ठमा

# अन्तर्साम्राज्यवादी अन्तर्विरोध तीव्रः तेस्रो विश्वयुद्ध सन्निकट !

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको २०८२ चैत १७-१९ मा सम्पन्न केन्द्रीय समितिको बैठकमा महासचिव सीपी गजुरेल गौरवद्वारा प्रस्तुत एवम् पारित राजनीतिक प्रतिवेदन जनजिब्रोले प्राप्त गरेको छ ।

**यस्तो छ राजनीतिक प्रतिवेदनको पूर्ण पाठ-**

**प्रिय कमरेडहरू,**

***क्रान्तिकारी अभिवादन !***

हामी आज पार्टीको केन्द्रीय समितिको पूर्ण बैठकमा उपस्थित भएका छौं । यस अवसरमा सर्वप्रथम म विभिन्न कालखण्डमा नेपालमा भएका जनआन्दोलन, जनसङ्घर्ष, जनयुद्ध र विभिन्न प्रकारका न्यायपूर्ण सङ्घर्ष तथा विश्व सर्वहारा क्रान्ति एवम् राष्ट्रिय मुक्ति आन्दोलनका क्रममा सहादत प्राप्तगर्ने सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, बेपत्ता योद्धाहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु, घाइते तथा अपाङ्ग योद्धाहरूप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै, सहिद तथा बेपत्ता परिवारजनमा समवेदना व्यक्त गर्दछु ।

**राजनीतिक प्रतिवेदन**
**क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल**

हाम्रो देश नेपाल मात्र होइन पुरा विश्व नै एउटा भयावह स्थितिबाट गुज्रिरहेको अवस्थामा केन्द्रीय समितिको यो बैठक हुन गइरहेको छ । यतिबेला हाम्रा सामु गम्भीर चुनौतीहरू सहित महान् सम्भावना रहेका छन् । सर्वप्रथम म यो विशिष्ट स्थितिले पैदा गरेका अन्तर्विरोधहरूको गहिरो अध्ययन गर्न र तदनुसार पार्टीको कार्यदिशा, कार्यनीति तथा सङ्घर्षका योजनाहरूको विन्यास गरी चुनौतीहरूको सामना गर्न सम्पूर्ण कमरेडहरूलाई विशेष अनुरोध गर्दछु ।

गत वर्ष मङ्सिरमा आयोजित हाम्रो पार्टीको राष्ट्रिय एकता महाधिवेशनमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिस्थितिको समग्र विश्लेषण गरिएको थियो । ०८२ असोजको अन्त्यमा सम्पन्न केन्द्रीय समितिको बैठकमा महाधिवेशन पछि विकसित परिस्थितिबारे थप विश्लेषण गरिएको छ । यस बैठकमा मुख्यतः त्यसयता विकसित

क्रमशःदोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- ३७, वैशाख ४ गते शुक्रबार, २०८३

## सम्पादकीय

# कांग्रेसको कलह र मुलुकको आवश्यकता

हालसम्म राजनीतिक रङ्गमञ्चमा प्रभावशाली अस्तित्व कायम गर्दै आएको नेपालको सवैभन्दा पुरानो राजनीतिक दल नेपाली काङ्ग्रेस यतिबेला भने सम्भवतः इतिहासकै सवैभन्दा कमजोर र कठिन अवस्थाबाट गुज्रिरहेको छ। तत्कालका लागि अर्कै राजनीतिक पक्ष अद्वितीय रूपमा हावी भइरहेको देखिए तानि दीर्घकालका निम्ति भने काङ्ग्रेसको स्वास्थ्यसँग मुलुकको स्वास्थ्य अभिन्न रूपले जेलिएको छ।

अवधि वा कार्यकाल सकिएको एउटा केन्द्रीय समितिले अर्को महाधिवेशन 'नियमित' वा 'विशेष' कुन स्वरूप या विधिमा गर्ने भन्नेजस्तो सारतः महत्त्वहीन विवादलाई महिनौंसम्म तन्काएर ठ्याक्कै चुनावको मुखमा एउटा पक्षले विशेष महाधिवेश सम्पन्न गर्ने र अर्को पक्षले त्यसलाई अस्वीकार गर्दै मुद्दामामिला तथा राजनीतिक प्रतिवादमा उत्रने कार्यले स्वयम् काङ्ग्रेसलाई त क्षति पुऱ्यायो नै, साथसाथै समग्र राष्ट्र र मुलुकको लोकतान्त्रिक प्रणाली समेतलाई गम्भीर धक्का ख्वाइदियो। राजनीतिक परिपक्वता र दर्शन-विचार-सिद्धान्त केही पनि नभएको शक्तिले संसदमा दुईतिहाई पुऱ्याएर लोकतान्त्रिक प्रणालीमा गम्भीर क्षति पुग्ने र राष्ट्र प्रतिगमनमा समेत फर्कन सक्ने सम्भावना समेत देखा पर्दैछ।

यस्तो बेला मुलुकको आवश्यकतालाई मध्येनजर गरेर कांग्रेसले आफ्नो किचलो बेलैमा नसल्टाउने हो भने स्वयम् नेपाली काङ्ग्रेसको राजनीतिक औचित्य र उपदेयता त सकिन्छ नै, साथसाथै मुलुक र जनताका लागि समेत निकै ठूलो क्षति पुग्न सक्दछ। अतः सम्बद्धहरूले ध्यान दिऊन्।

## अन्तर्साम्राज्यवादी अन्तर्विरोध...

परिस्थितिका खास खास विशेषताबारे मात्र उल्लेख गरिनेछ।

अन्तर्राष्ट्रिय परिस्थिति :

डोनाल्ड ट्रम्प संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिमा दोस्रोपटक निर्वाचित भएपछि पतनोन्मुख अवस्थामा रहेको अमेरिकी साम्राज्यवादले आफ्नो विश्वव्यापी प्रभुत्व जोगाइराख्न आक्रामक नीतिहरू अवलम्बन गर्दै आएको छ। यो प्रक्रियामा ट्रम्प प्रशासनले २०८२ पौष १९ गते "अपरेसन अब्सोल्युट रिजल्भ"को नाममा एउटा सार्वभौमसत्ता सम्पन्न ल्याटिन अमेरिकी देश भेनेज्वेलामाथि आफ्नो कुख्यात "डेल्टा फोर्स" प्रयोग गरी सशस्त्र सैन्य आक्रमण गऱ्यो। आक्रमण पछि राष्ट्रपति निकोलास मदुरो र उनकी श्रीमति सिलिया फ्लोरेसलाई अपहरण गरी लागु औषधि कारोबारको कथित आरोपमा अमेरिका ल्याएर अदालतमा मुद्दा चलाइएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूलाई भेनेज्वेलाको अन्तरिम राष्ट्रपति घोषणा गरेका छन्। उनले कोलम्बिया तथा क्युबालाई यसपछिको निशानामा पारेका छन् र अरु देशहरू पनि निशानामा थपिँदै जाने धम्की आउन रोकिएको छैन।

यही पुसको अन्त्यतिर डेनमार्कको अधीनस्थ रहेको ग्रिनल्याण्ड अमेरिकालाई सुम्पिनु पर्ने र डेनमार्कले अस्वीकार गरे सैन्यबल प्रयोग गरेर भएपनि अमेरिकाले त्यसलाई लिइछाड्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको धम्कीपछि अमेरिका र नेटोमा सम्बद्ध युरोपका देशहरूका बीचको अन्तर्विरोध निकै चर्किन गयो। जर्मन, फ्रान्स, नेदरल्याण्ड, स्वेडेन, फिनल्याण्ड, युके लगायतका प्रमुख युरोपेली देशहरूले अमेरिकी धम्कीका विरुद्ध ग्रीनल्याण्डको रक्षाका लागि त्यहाँ आफ्ना सेना समेत उतारे। अमेरिकाले ग्रिनल्याण्डमाथि सैन्य आक्रमण गरेमा रुसले त्यसको प्रतिकार गर्ने चुनौती दिएपछि डोनाल्ड ट्रम्प त्यसबाट पछि हट्न बाध्य भए। ट्रम्पले कूटनीतिक माध्यमबाट त्यसलाई अमेरिकामा गाभ्ने आफ्नो योजना यथावत राख्ने तर अहिले नै ग्रिनल्याण्डमाथि सैन्य आक्रमण नगर्ने भनेपछि यतिबेला नेटोमा आबद्ध युरोपका देशहरू र अमेरिकाका बीचको ग्रिनल्याण्ड केन्द्रित अन्तर्विरोध केही मत्थर भएको देखिएको छ। तर, यो अन्तर्विरोध पुनः चर्किने खतरा टरेको छैन।

सामान्यतः गत सालको अक्टोबरदेखि र विशेषतः गत फेब्रुअरीको अन्त्यदेखि पाकिस्तान र अफगानिस्तानका बीच युद्ध चलिआएको छ। अफगानिस्तानको तालिबानी सरकारले पाकिस्तानी तालिबान (टीटीपी) लाई सैन्य सहयोग गरेर पाकिस्तानका विरुद्ध उक्साएको भन्ने आरोपका आधारमा पाकिस्तानले गत अक्टोबरमा काबुलमाथि हवाइ आक्रमण गरेपछि यी दुइदेश बीच अहिले युद्ध चलिरहेको छ। यो समस्याको समाधान युद्धद्वारा होइन वार्ता तथा सम्वादको प्रक्रियाबाट गरिनु पर्दछ।

अमेरिकी साम्राज्यवादले मध्यपूर्वमा आफ्नो हैकम स्थापित गर्न र त्यहाँको प्राकृतिक तेल तथा ग्यासको भण्डारलाई कब्जा गर्न त्यस क्षेत्रमा सैन्य अखडाहरू निर्माण गर्दै आएको र त्यसको निगरानीका लागि इजरायललाई क्षेत्रीय पहरेदारका रूपमा प्रयोग गरेको कुरा स्पष्ट छ। आयातोल्लाह खोमेनीको नेतृत्वमा सम्पन्न १९७९को इस्लामिक गणतन्त्रको स्थापना भएपछि इरानको शासन सत्ताले इजरायलको अस्तित्त्व नै स्वीकारेको छैन भने अर्कोतिर यसले यस क्षेत्रमा अमेरिकी तथा इजरायली हस्तक्षेपको विरोध गर्दै आणविक शक्ति सम्पन्न राष्ट्र बन्ने उद्देश्यले कामगर्दै आएको छ। इरानको इजरायल तथा अमेरिकाससँगको सम्बन्ध दुश्मनीपूर्ण रहँदै आउनुको कारण यसैभित्र रहेको छ।

यही सम्बन्धका पृष्ठभूमिमा एउटा सार्वभौम सत्ता सम्पन्न देश इरानका आणविक भट्टीहरू ध्वस्तपार्ने र त्यहाँको शासन सत्ता परिवर्तन गर्ने घोषणा सहित गत असार ८ गते राति अमेरिकाले "अपरेशन मिडनाइट ह्यामर" को नाममा बी-२ बम्बरबाट बङ्कर बस्टर बम्ब प्रहार गरी फोर्डो, नातान र इस्फहानमा भीषण आक्रमण गरेपछि इजरायल-अमेरिका र इरानका बीच १२ दिनसम्म घमासान युद्ध भएको थियो। बीचमा वार्ता चलेको स्थितिमा युद्ध केही मत्थर हुन गएपनि दुवैथरिले सैन्य तयारी बढाउँदै लगे। इरानको आणविक क्षमतालाई ध्वस्त पार्ने र शासन सत्ता परिवर्तन गर्ने घोषणा सहित गत फागुन १६ गते पुनः अमेरिकाले "अपरेसन एपिक फ्युरी" र इजरायले "अपरेशन रोअरिङ् लायन"का नाममा इरानमाथि संयुक्त सैन्य आक्रमण गरे। उक्त आक्रमणमा सबैभन्दा पहिला देशको राजनीतिक नेतृत्वलाई निशानामा पारियो। युद्धको पहिलो दिनमा नै इरानका सर्वोच्च धार्मिक नेता अलि खामिनेइ सहित दर्जनौ नेताहरू मारिए। छात्राहरूको विद्यालयमाथि गरिएको क्षेप्याशत्र आक्रमणमा परी १६८ जना वालिकाहरूको मृत्यु भयो। अहिले इरान र अमेरिका-इजरायलका बीचको यो युद्ध क्षेत्रीय युद्धका रूपमा विकसित भएको छ। मध्यपूर्व र वरिपरिका दर्जन बढी देशहरू यस युद्धको समर्थन वा विरोधमा उभिइसकेका छन् र यो सङ्ख्या थपिने क्रम जारी छ। शक्तिराष्ट्रहरू लगायत विभिन्न देशहरू यस युद्धको पक्ष र विपक्षमा उभिएका छन्।

अमेरिकासँग टक्कर लिँदै आएका रुस, चीन तथा उत्तर कोरिया जस्ता देशहरू अहिलेसम्म युद्ध मैदानमा प्रत्यक्ष ओर्लिएका छैनन्। तर, उनीहरूले इरानको पक्षमा खडाभई सुचना-सञ्चारमा सहयोग र प्रविधि तथा गुणस्तरीय हातहतियारको आपूर्ति गर्दै आएका छन्। स्पेनका प्रधानमन्त्री पेड्रो सन्चेज यस युद्धमा अमेरिका-इजरायलका विरुद्ध उभिएका छन् र आफ्नो देशका एयरपोर्ट तथा अमेरिकी सैन्य बेसहरू इरानका विरुद्ध प्रयोगगर्न दिएका छैनन्। अहिलेसम्म युके, जर्मनी, इटली तथा फ्रान्स समेतका युरोपेली देशहरू सहित क्यानडा, टर्की पनि इरानमाथि थोपरिएको युद्धलाई अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन भनी त्यसको कडा आलोचक रहेका छन्। इरानमाथि गरिने आक्रामक कार्बाहीका लागि बेलायतले सिरियाको आफ्नो सैन्य बेस प्रयोगगर्न दिन अस्वीकार गरेको छ। यस युद्धमा नेटोमा आवद्ध कतिपय देशहरू इरानमाथि गरिएको सैन्य आक्रमणका कडा आलोचक रहेका छन् र अमेरिकी साम्राज्यवाद र नेटोमा रहेका अन्य राष्ट्रहरूका बीचको एकता कमजोर बन्दै गएको छ। आजभन्दा पहिला अमेरिकी खेमामा रहेका थुप्रै देशहरू इरानको पक्षमा देखिएका छन्। भारतीय विस्तारवादी मोदी सरकारले यो युद्धका सन्दर्भमा आफूलाई केही समय बीचमा रहेको देखाउन खोजे पनि यो अन्ततः अमेरिका तथा इजरायलको पक्षमा उभिन पुगेको छ।

युद्धको कूटनीतिक समाधान गर्ने भनी अमेरिकाले वार्ताको कुरा गर्दा इरानले आणविक प्रविधिमाथि आफ्नो नैशर्गिक एवम् सार्वभौम अधिकारको सुनिश्चितता, अमेरिकी-इजरायली आक्रमणबाट भएको नोक्सानीको क्षतिपुर्ति र भोलि आक्रमण हुने छैन भन्ने ग्यारेन्टी भएमात्र वार्तामा बस्न सक्ने कुरा बताएको छ। ट्रम्पले युद्धबाट पन्छिने विभिन्न उपायहरू खोजेको भए पनि आजसम्मको स्थितिमा अमेरिका इरानका यी शर्त स्वीकार गरेर वार्तामा बस्ने देखिँदैन। यसरी इरानले आफ्नो शर्तमा मात्र वार्ता हुनसक्छ भन्ने र अमेरिका पनि पछि नहट्ने स्थितिमा यो अन्तर्विरोध अरु चर्किने र विश्व थप ध्रुवीकरणतिर जाने देखिन्छ। अर्कोतिर, चालु आर्थिक वर्षका लागि करिव ९ खरव डलर रक्षाबजेट छुट्याइएको अमेरिकामा ट्रम्पले आगामी वर्षका लागि त्यसलाई बढाएर १५ खरव डलर पुऱ्याउने घोषणा गरेका छन्। नेटोमा आबद्ध अन्य देशहरू र रुस, चीन लगायतका विकसित पुँजीवादी मुलुकहरू सबैले रक्षा बजेट बढाएका छन्। यसले पनि अन्तर-साम्राज्यवादी अन्तर्विरोध चर्किँदै गएको र साम्राज्यवादी देशहरूले भित्रभित्रै युद्धको तयारी गरिरहेको देखिन्छ। यही भूराजनीतिक टकरावका बीच नेटो अन्तर्गतका देशहरू अमेरिकाको पक्षबाट युद्धमा सहभागी हुने स्थिति बनेमा रुस, चीन तथा उत्तर कोरिया जस्ता आणविक शक्ति सम्पन्न देशहरू पनि युद्धमा सामेल हुने र त्यसले विश्वयुद्धको रूपलिने खतरा बढेर गएको छ।

इरानले अमेरिकी आक्रमणको सशक्त प्रतिकार गर्दै आएको छ। सर्वोच्च नेताको हत्या र त्यसपछि अमेरिकाद्वारा उक्साइएको कथित जनविद्रोहको बलमा सहजै शासन सत्ता परिवर्तन गरी इरानका पूर्व युवराज तथा अमेरिकी दलाल रेजा पहलवीलाई सत्तारोहण गराउने अमेरिकी नव-उपनिवेशवादी योजना आजसम्म सफल हुन सकेको छैन। बरु यसको उल्टो, इरानले अमेरिका र इजरायललाई आफ्नो राष्ट्रिय स्वाधीनताको रक्षाका लागि अन्तसम्म लड्ने र यो युद्धलाई आफ्नो शर्तमा टुङ्ग्याउने चुनौती दिँदै आएको छ। अमेरिकी साम्राज्यवादले थोपरेको अन्यायपूर्ण युद्धको इरानले प्रतिरोध गरेको छ, र यो प्रतिरोध न्यायपूर्ण छ। पार्टीले राष्ट्रिय स्वाधीनताका लागि साम्राज्यवादी सैन्य आक्रमणको प्रतिरोध गर्ने इरानी जनतासँग ऐक्यवद्धता जाहेर गर्दै इरानमाथि अमेरिका तथा इजरायलद्वारा थोपरिएको अन्यायपूर्ण युद्धको निशर्त अन्त्यका लागि सङ्घर्ष अगाडि बढाउन जोड दिनु पर्दछ।

यहाँनेर बुझ्नु पर्ने कुरा के हो भने, यो साम्राज्यवादी युद्धमा इरानले विजय हासिल गरेपनि इरानको विद्यमान सत्ताबाट त्यहाँका मजदुर, किसान, महिला लगायत आम उत्पीडित जनताको मुक्ति सम्भव छैन। अर्कोतिर, इरानका पूर्व युवराज रेजा पहलवीलाई इरानी सत्तामा पुनर्स्थापना गर्न अमेरिकाको उक्साहटमा गरिन खोजिएको कथित जनविद्रोह र शासन सत्तामा गरिने प्रतिक्रियावादी वर्गका प्रतिनिधिको फेरबदलबाट पनि त्यहाँका उत्पीडित जनताको मुक्ति सम्भव छैनप। यसको एकमात्र विकल्प सर्वहारा क्रान्ति हो।

अमेरिका-इरान युद्धको पछिल्लो स्थितिमा विश्वको करिब २० प्रतिशत कच्चा तेलको व्यापारमार्ग हर्मुज जलडमरु क्षेत्र साम्राज्यवादी शक्ति केन्द्रहरूको अन्तर्विरोधको केद्र बनेको छ। डलरमा भुक्तानी गरिएका इन्धन बोक्ने जहाजहरूमाथि नाकाबन्दी लगाउने र चिनिया मुद्रा आरएमबीमा खरिद गरिएको कच्चातेल बोकेका जहाजलाई छुटदिने इरानी अडानले यस क्षेत्रबाट हुने इन्धन व्यापारमा अमेरिकी डलरको एकछत्र वर्चश्वलाई गम्भीर चुनौती दिएको छ। ट्रम्पले हर्मुज जलडमरुमा इरानको नाकाबन्दी खोल्न अन्तर्राष्ट्रिय सैन्य हस्तक्षेप गर्ने प्रस्ताव गरेका छन् तर यो प्रस्ताव पारित हुने संभावना अत्यन्त न्यून रहेको छ। यो नाकाबन्दी नखुलेको अवस्थामा अमेरिकी अर्थतन्त्र गहिरो सङ्कटमा फस्ने र उसको वैश्विक साम्राज्यवादी हैसियत समेत कमजोर हुने कुरा अनिवार्य छ। अर्कोतिर, इरानमाथि थोपरिएको वर्तमान अमेरिकी युद्धका विरुद्ध अमेरिका भरि दशौं लाख अमेरिकी जनता सडकमा उत्रिएका छन्। "राजाहरू चाहिँदैन", "युद्धको अन्त्यगर" र "मूल्यवृद्धि नियन्त्रण गर" भन्ने नाराहरू अमेरिकी सडकहरूमा घन्काइएका छन्। विपक्षी डेमोक्रेटिक पार्टीका नेताहरू मात्र होइन, रिपब्लिकन पार्टीका कतिपय नेताहरू र सेनाका केही प्रमुख अधिकारीहरू समेत यो युद्धका विरुद्ध उभिएका छन्। यसरी अमेरिका आर्थिक मात्र होइन गम्भीर राजनीतिक सङ्कट तर्फ धकेलिँदै आएको छ।

विज्ञान तथा प्रविधिको अभूतपूर्व विकासका कारण विश्वभर औद्योगिक मजदुरहरूको सङ्ख्या घट्दो र सेवा क्षेत्रका मजदुरहरूको संख्या बढ्दो अवस्थामा छ। रोजगार प्राप्त मजदुरहरू समेत स्वरोजगार मजदुरका रूपमा सडकतर्फ धकेलिइरहेका छन्। आजको सर्वहारा क्रान्तिको कार्यदिशा समृद्ध गर्ने सन्दर्भमा यो विकसित परिस्थितिलाई ध्यान दिनु पर्दछ। गत माघमा स्वीट्जरल्याण्डको डेभोसमा सम्पन्न विश्व आर्थिक मन्च (ध्यचमि भ्अयलयफष्अ ँयचगफ) को ५६औं वार्षिक बैठकमा अन्तर्राष्ट्रिय मुद्राकोषकी प्रमुख क्रिस्टालिना जर्जिएभाले आगामी केही वर्षभित्र श्रम बजारमा एआईको सुनामी आउने र त्यसले विकसित देशमा ६० प्रतिशत र विश्वभर ४० प्रतिशत श्रमिकहरूका रोजगारी बढार्ने बताएकी छिन्। पुँजीवादी वर्गको हातमा सत्ता रहुन्जेल प्रविधिले गर्नेकाम यस्तै हो।

उपरोक्त सङ्क्षिप्त विश्लेषणले वर्तमान विश्व भयावह चौतर्फी सङ्कट तर्फ उन्मुख भएको देखाउँछ। यतिबेला विश्वका तीनओटै आधारभूत अन्तर्विरोधहरू – साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताका बीचको अन्तर्विरोध; साम्राज्यवादी शक्तिहरूका बीचको आपसी अन्तर्विरोध र श्रम तथा पुँजीका बीचको अन्तर्विरोध – सबै विस्फोटक बन्दै गएका छन्। आजसम्म साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताका बीचको अन्तर्विरोध नै प्रधान रहेको भए पनि जुनसुकै बेला अन्तर्साम्राज्यवादी अन्तर्विरोध प्रधान बन्ने र तेस्रो विश्वयुद्ध भड्कने खतरा विद्यमान छ। यो सबै विश्व सर्वहारा क्रान्तिका लागि अनुकूल परिस्थितिको द्योतक हो। तर, सबै अनुकूल परिस्थिति क्रान्तिमा बदलिँदैनन्। यसका निम्ति क्रान्तिकारी कम्युनिस्टहरूको सचेत प्रयत्न आवश्यक छ। यतिबेला दक्षिणपन्थी संशोधनवाद प्रमुख खतरा रहेको अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा क्रान्तिको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादलाई एकरूपतामा बुझ्ने, क्रान्तिकारी पार्टीको निर्माण गर्ने, नवउदारवादी अर्थप्रणाली तथा नव-उपनिवेशवादको गहन विश्लेषणका आधारमा पार्टीको राजनीतिक एवम् सामरिक कार्यदिशा समृद्ध गर्ने र वर्ग सङ्घर्षको उठान गर्ने अहिलेका गम्भीर चुनौतीहरू हुन्।

साम्राज्यवादले वैश्विक रूपमै आफ्नो प्रभूत्व कायम गरेको स्थितिमा सर्वहारा वर्गले पनि विभिन्न प्रकारका सङ्घर्षका मोर्चाहरू खडागरी साम्राज्यवादका विरुद्ध वैश्विक रूपमै प्रतिरोध गर्न आवश्यक छ। यसका लागि मार्क्सवाद-लेनिनवाद-माओवादमा आधारित सहमतिमा चल्ने एउटा अन्तर्राष्ट्रिय मञ्च निर्माणको उद्देश्य राखी क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले एकीकृत अन्तर्राष्ट्रिय सम्मेलनको तयारी अगाडि बढाइरहेका छन्। साथै, यो प्रक्रियामा साम्राज्यवादका विरुद्ध उभिने विभिन्न कम्युनिस्ट पार्टी, सङ्गठन, व्यक्तित्व र राष्ट्रिय मुक्ति आन्दोलन समेतलाई समेटेर साम्राज्यवाद तथा साम्राज्यवादी युद्धविरोधी अन्तर्राष्ट्रिय संयुक्त मोर्चा निर्माण गर्ने कामलाई पनि अगाडि सारिएको छ। यसका अतिरिक्त, हाम्रो पार्टीको नेतृत्वमा गठित क्रान्तिकारी संयुक्त मोर्चा नेपाल "क्रान्तिकारी पार्टी तथा सङ्गठनहरूको अन्तर्राष्ट्रिय समन्वय" (ICOR) र "फासीवाद, युद्ध र वातावरणीय विनाश विरुद्धको अन्तर्राष्ट्रिय साम्राज्यवाद विरोधी संयुक्त मोर्चा" मा सहभागी हुँदै आएको छ। विद्यमान परिस्थितिमा पार्टीले यी चारओटै मोर्चाका तर्फबाट आफ्नो अन्तर्राष्ट्रिय कामलाई विशेष जोड दिएर अगाडि बढाउनु पर्दछ।

राष्ट्रिय परिस्थिति

देशको राष्ट्रिय परिस्थितिबारे गत सालको महाधिवेशन र त्यसपछि पार्टीको गत असोज महिनाको अन्तिम सातामा सम्पन्न केन्द्रीय समिति बैठकमा विश्लेषण गरिएको छ। आजसम्म आइपुग्दा देशको अर्थ-सामाजिक स्थिति, राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्या झन-झन विकराल बन्दै गएका छन्। विभिन्न जनवर्गबाट मूखरित भएका विरोधका स्वरहरूमाथि दमनगर्न सरकारले फासीवादको सहारा लिँदै आएको छ।

हाम्रो देशको राज्यले नव-उदारवादी आर्थिक सिद्धान्त अपनाउँदै आएको छ। यही नव-उदारवादको परिणाम स्वरूप विभिन्न कालखण्डमा मित्रराष्ट्रहरूले खोलिदिएका उद्योगहरू पनि कौडीको मूल्यमा बेचिएका छन् र देशमा कुनै नयाँ उद्योगहरू खोलिएका छैनन्। यो स्थतिमा देशमा दलाल अर्थतन्त्र फस्टाएको छ र राष्ट्रिय अर्थतन्त्र ध्वस्त भएको छ। ठूलो सङ्ख्यामा नेपाली युवाहरू कामको

क्रमशः चौथो पृष्ठमा

## नेपाली कांग्रेसका...

४. सम्पत्ति छानबिनका सम्बन्धमा

- नेपाली कांग्रेसले २०४८ सालदेखि सार्वजनिक पदमा रहेका उच्च तहका व्यक्तिहरूको सम्पत्ति छानबिनका लागि अधिकार सम्पन्न आयोग गठन गर्न, अवैध रूपमा आर्जित सम्पत्ति राष्ट्रियकरण गर्न तथा २०४६ देखि २०८२ सम्मका भ्रष्टाचारसम्बन्धी प्रकरणहरूको अनुसन्धान गर्न निरन्तर माग गर्दै आएको छ। यस सन्दर्भमा सरकारले प्रक्रिया अगाडि बढाएकोलाई नेपाली कांग्रेस सकारात्मक रूपमा लिन्छ र २०६२ अघिका अवधिसम्म समेत छानबिनको दायरा विस्तार गर्न ध्यानाकर्षण गराउँछ।
- सरकारको शासकीय सुधार कार्यसूचीमा आवश्यक कानुनी प्रबन्ध गरी सम्पत्ति छानबिन गर्ने उल्लेख भए पनि सो अनुसार कानुन निर्माण नगरी मन्त्रिपरिषदको निर्णयबाट आयोग गठन गरिएको छ, जुन आफ्नै घोषणासँग बाझिएको छ। यस्तो आयोग प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत राख्नु उपयुक्त हुँदैन, किनकि यसले कार्यपालिकाको हस्तक्षेपको सम्भावना बढाउँछ र निष्पक्षता प्रभावित हुन सक्छ। आयोग स्वायत्त र स्वतन्त्र हुनुपर्छ। हालको संरचनाले अपेक्षित स्वायत्तता कायम गर्न नसक्ने हुँदा यसको कार्यशैली विवादास्पद हुन सक्ने विषयमा नेपाली कांग्रेसले सरकारको ध्यानाकर्षण गराउँछ।
- प्रधानमन्त्री तथा मन्त्रीहरूको सम्पत्ति सार्वजनिक भइसकेपछि त्यसको वैध स्रोत र करसम्बन्धी विषयमा प्रश्न उठेका छन्। सार्वजनिक पदमा आएपछि सम्पत्ति सार्वजनिक गर्नु कानुनी कर्तव्य हो, तर त्यसअघिको सम्पत्तिको स्रोतबारे उठेका प्रश्नहरूको स्पष्ट र कानुनी उत्तर दिनु सम्बन्धित व्यक्तिको नैतिक दायित्व हो भन्ने नेपाली कांग्रेसको धारणा छ।

५. गौरीबहादुर कार्की आयोगको प्रतिवेदन र २०८२ भदौ २३ र २४ गतेका घटनाको निष्पक्ष छानबिन तथा दोषीलाई कारबाही सम्बन्धमा गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदनका सन्दर्भमा २०८२ चैत्र ११ गते बसेको नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकले उक्त प्रतिवेदन औपचारिक रूपमा सार्वजनिक गर्न आग्रह गरेकोमा आजसम्म विधिपूर्वक सार्वजनिक गरिएको छैन। कानूनले निर्दिष्ट गरेको विषयलाई सरकारले कार्यान्वयन नगर्नु हेपाहा प्रवृत्ति हो, यो गलत छ। उक्त प्रतिवेदन विधिसम्मत रूपमा अविलम्ब सार्वजनिक गरियोस्। साथै, मानव अधिकार आयोगको अध्ययन प्रतिवेदन पनि तत्काल सार्वजनिक गर्न आग्रह गर्दछ। विधिपूर्वक सार्वजनिक नगरी उक्त प्रतिवेदनको आधारमा सरकारले कारबाही अघि बढाएपछि, अनौपचारिक रूपमा सार्वजनिक भएको कार्की आयोगको प्रतिवेदन अध्ययन गरी सुझाव दिन वरिष्ठ अधिवक्ता श्री यदुनाथ खनालको संयोजकत्वमा एक समिति गठन गरिएको थियो। पार्टीले गठन गरेको विज्ञ समितिले बुझाएको प्रतिवेदनका आधारमा नेपाली कांग्रेस निम्न निर्णय गर्दछ;

- गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको मूल कार्यादेश भदौ २३ र २४ गतेका घटनाको तथ्यगत छानबिन गर्ने भएकाले आयोग तथ्य पत्ता लगाउने र सिफारिस गर्ने सीमामा सीमित रहनुपर्ने थियो। तर प्रतिवेदनमा कतिपय सन्दर्भमा नीतिगत तथा अभियोजन सम्बन्धी सिफारिसहरू प्रस्तुत गरिएको छ। साथै, प्रतिवेदनमा व्यापक रूपमा राजनीतिक तथा संरचनागत विषयहरूमा प्रवेश गरी आयोग आफैं अधिकार क्षेत्रबाहिर गएको देखिन्छ। यसले जाँचबुझ आयोग ऐन, २०२६ को मर्मसँग प्रतिवेदन पूर्ण रूपमा मेल खाँदैन।
- गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदनले भदौ २३ गतेका घटनालाई बढी प्राथमिकता दिएको छ, तर भदौ २४ गतेका घटनाहरू सतही रूपमा मात्र समावेश गरिएको छ। त्यसको विश्लेषण र छानबिन आवश्यक गहिराइमा पुगेको देखिँदैन। यसले प्रतिवेदनको सन्तुलनमा प्रश्न उठाएको छ, किनकि आयोगको कार्यादेश दुवै दिनका घटनाहरूको समग्र छानबिन गर्नु थियो। एउटामा बढी केन्द्रित भई अर्को दिनको घटनालाई गौण रूपमा प्रस्तुत गर्नु पूर्वाग्रहपूर्ण देखिन्छ। उपलब्ध तथ्यका आधारमा हेर्दा भदौ २३ सँगै भदौ २४ गतेका घटनामा पनि मानवीय (मृत्यु) तथा भौतिक क्षति उच्च स्तरमा भएको देखिन्छ। तर यस्तो गम्भीर क्षति भएको अवस्थामा पनि प्रतिवेदनमा भदौ २४ गतेका घटनासम्बन्धी विस्तृत, स्पष्ट र गहिरो छानबिन भएको देखिँदैन। 'भदौ २४ गते देशभरि विभिन्न क्षेत्रमा व्यापक रूपमा घटना भएकोमा सोको सूक्ष्म र समष्टिगत अनुसन्धान तथा विश्लेषण गर्न समयसीमा, जनशक्ति र स्रोत साधन पर्याप्त नभएको' भन्ने आधारमा उक्त दिनका घटनालाई अनदेखा गर्नु, प्राविधिक समस्या देखाउँदै प्रमाणहरूको विश्लेषण नगर्नु र विध्वंसमा संलग्न को थिए भन्ने विषयमा प्रतिवेदन मौन रहनु वा ढाकछोप गर्नुले आयोगको कार्यशैली नै पूर्वाग्रहपूर्ण, असन्तुलित र चयनात्मक (selective) रहेको देखिन्छ।
- आयोगका सिफारिसहरूलाई स्वतन्त्र रूपमा कानुनी परीक्षण (legal scrutiny) गरी मात्र कार्यान्वयन गर्नुपर्छ। सरकारले प्रतिवेदन कार्यान्वयन कानून बमोजिम मात्र गर्न सक्दछ। आयोगको प्रकृति र ऐनले दिएको अधिकारको आधारमा आयोगसँग न्यायिक निकाय सरहको संरचना र अधिकारक्षेत्र रहेको देखिँदैन। त्यसैले आयोग वा यसको प्रतिवेदनलाई न्यायिक निर्णय सरह ठानी प्रत्यक्ष वा परोक्ष रूपमा मान्यता दिनु नेपालको संविधान र न्यायका सर्वमान्य सिद्धान्तहरू विपरीत हुन्छ।
- आयोगको प्रतिवेदन कार्यान्वयनका क्रममा सरकारले देखाएको अपरिपक्व र चयनात्मक (selective) व्यवहार गलत छ। एउटै दिन, एउटै घटना र समान प्रकारका सिफारिसमा पनि सरकारको व्यवहार फरक-फरक देखिन्छ। आयोगको प्रतिवेदनलाई मात्र आधार मानी कसैमाथि कारबाही गर्नु स्थापित कानुनी प्रक्रिया विपरीत हुन्छ।
- अतः नेपाली कांग्रेस स्पष्ट गर्न चाहन्छ- गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन अपूर्ण, एकतर्फी र चयनात्मक छ। यसले प्रतिवेदनको निष्पक्षता र विश्वसनीयतामाथि गम्भीर प्रश्न उठाएको छ। आयोगले भदौ २४ गतेका घटनाहरूको पर्याप्त अध्ययन नगरेकोले आफ्नो कर्तव्य पालनामा आयोग निष्पक्ष, इमानदार र जिम्मेवार हुन सकेको छैन भन्ने नेपाली कांग्रेसको ठहर छ। भदौ २४ गते बढी मानवीय तथा भौतिक क्षति भएको अवस्थामा पनि पर्याप्त छानबिन नहुनुले पीडितहरूले न्याय पाउने विषय र राज्यको जवाफदेहितालाई कमजोर बनाएको छ। त्यसैले भदौ २४ गतेका घटनाको निष्पक्ष, गहिरो र स्वतन्त्र छानबिन (independent investigation) गर्न प्राविधिक तथा विशेषज्ञ सहितको उच्चस्तरीय न्यायिक आयोग गठन गरिनुपर्छ। साथै, जाँचबुझ आयोगहरूको कार्यसम्पादन, निष्पक्षता तथा प्रतिवेदनको गुणस्तरमा संसदीय निगरानीका लागि संसदीय विशेष समिति गठन गरिनुपर्छ।

६. पेट्रोलियम पदार्थको मूल्य वृद्धि घटाउने सम्बन्धमा : मध्यपूर्वमा संकट लम्बिँदै जाँदा त्यसको प्रभाव नेपाली जनताको भान्सा, व्यवसाय, रोजगारी तथा समग्र अर्थतन्त्रमा देखिन थालेको छ। पेट्रोलियम पदार्थ र ग्यासको मूल्य वृद्धि भएको छ। यसले आम नागरिकको दैनिकीमा प्रत्यक्ष असर पार्नुका साथै कृषि क्षेत्रमा उत्पादन लागत बढ्ने, पर्यटन क्षेत्रमा हवाई तथा यातायात सेवामा समस्या आउने, तथा व्यवसाय, निजी क्षेत्र र सेवा क्षेत्रलगायत देशको आन्तरिक एवं बाह्य अर्थतन्त्रमा बहुआयामिक चुनौतीहरू सिर्जना गरेको छ। यस सन्दर्भमा, केही समयसीमा तोकी सरकारले पेट्रोलियम पदार्थको मूल्य न्यून गर्न निम्न कार्यहरू गर्न नेपाली कांग्रेस सरकारसँग विशेष आग्रह गर्दछः

१. पेट्रोलियम पदार्थको मूल्य वृद्धिका कारण स्वतः बढ्न गएको मूल्य अभिवृद्धि कर (VAT) मा सहुलियत दिई फिर्ता गर्ने व्यवस्था गरियोस्। जनतालाई महँगीको मारबाट जोगाउन साविकको करदरमा केही समयका लागि सहुलियत प्रदान गरियोस्।

२. पेट्रोलियम पदार्थमा लाग्दै आएका विभिन्न करहरूमा आंशिक रूपमा हटाउने वा घटाउने व्यवस्था गरियोस्। उदाहरणका लागि, सशस्त्र द्वन्द्वकालमा क्षति भएका पूर्वाधार पुनर्निर्माणका लागि लगाइएको पूर्वाधार विकास कर हालको सन्दर्भमा औचित्यहीन भइसकेकाले हटाइयोस्। साथै भन्सार, सडक मर्मत तथा सुधार दस्तुर, प्रदूषण नियन्त्रण शुल्क, हरित करलगायतका अन्य करहरू निश्चित अवधिका लागि घटाउने वा हटाउने व्यवस्था गरियोस्।

३. हाल पेट्रोलियम पदार्थ आयात गर्दा लाग्ने करका कारण नेपाल आयल निगमले उच्च मूल्यमा खरिद गरी न्यून मूल्यमा बिक्री गर्नुपर्ने अवस्था सिर्जना भएको छ। यस अवस्थालाई सम्बोधन गर्न VAT फिर्ता वा सहुलियतको स्पष्ट व्यवस्था गरियोस्।

४. पेट्रोलियम पदार्थको मूल्य अत्यधिक बढिरहेको वर्तमान अवस्थामा करका दरहरू समग्र रूपमा पुनरावलोकन गरी घटाउने व्यवस्था गरियोस्। साथै, भन्सार र VAT बाहेकका अन्य विविध करहरू केही समयका लागि हटाउने वा न्यून गर्ने नीति अवलम्बन गरियोस्। साथै, बढ्दो यातायात खर्चका कारण प्रत्यक्ष प्रभावित हुने विद्यार्थीहरूको सहजताका लागि विशेष सहुलियत प्रदान गर्ने व्यवस्था गरियोस्।

७. भातृ संस्था सम्बन्धमा भातृ संस्थाहरूको वर्तमान अवस्थाको अध्ययन गरी अधिवेशन गर्न सक्ने वा नसक्ने सम्बन्धमा आवश्यक सुझावसहित महामन्त्रीहरूद्वारा प्रस्तुत प्रतिवेदन पारित गरियो। यसैगरी, प्रवासमा रहेका जनसम्पर्क समितिहरूको संगठनात्मक अवस्थाको अध्ययन गरी सहमहामन्त्री उदय शम्शेर राणाद्वारा प्रस्तुत प्रतिवेदन पनि पारित गरियो।

८. क्रियाशील सदस्यता सम्बन्धमा नेपाली कांग्रेसको विधान, २०१७ ( संशोधन सहित) मा भएको व्यवस्था अनुसार क्रियाशील सदस्यता अद्यावधिक गर्ने सम्बन्धमा २०८२ चैत्र १० र ११ गतेको केन्द्रीय कार्यसमितिको बैठकबाट निर्णय भई अद्यावधिक गर्ने प्रकृया जारी छ। यसै सन्दर्भमा, क्रियाशील सदस्यता सम्बन्धी निम्न निर्णय थप गरियो।

क) १४औं महाधिवेशनका क्रियाशील सदस्यहरूको नवीकरण गर्न छुट भएकाहरूको हकमा विधानअनुसार नवीकरण गर्ने।

ख नेपाली कांग्रेसको क्रियाशील सदस्यता लिन इच्छुक महानुभावहरूलाई विधान बमोजिम नयाँ क्रियाशील सदस्यता वितरण गर्ने।

## शुभकामना आदानप्रदान गर्दै मनाइयो नयाँ वर्ष

**काठमाडौं।** देशभर एकापसमा शुभकामना आदानप्रदान गर्दै नयाँ वर्षको खुशीयाली मनाएका छन्। नेपाली नयाँ वर्ष २०८३ को पहिलो दिन सूर्यले मीन राशिको भोग समाप्त गरी मेष राशिबाट भोग सुरु गर्ने दिन वैशाख संक्रान्ति अर्थात मेष संक्रान्ति तथा वर्षको जेठो दिनका रूपमा मनाउने प्राचीन कालदेखिको परम्परा हो।

हरेक व्यक्तिले नयाँ वर्षको पहिलो दिन गएको वर्ष गरेका कामको सफलता/असफलता मूल्यांकन गरी असफलता दोहोरिन नदिन संकल्प र सफलता प्राप्त गर्न योजना निर्माण गर्ने गर्छन्। यस दिन बिहानै नुहाएर घरकोठा-आँगन सफा गर्ने, मीठोमीठो खाने, साथीसंगाती तथा इष्टमित्रसँग सामाजिक सञ्जाल वा फोन सम्पर्कबाट भेटघाट गरी एकापसमा शुभकामना व्यक्त गरी नयाँ वर्ष मनाइएको छ। विश्वका जुनसुकै कुनामा बस्ने नेपालीले नयाँ वर्षको पहिलो दिन वैशाख संक्रान्ति मनाएका छन्। यहाँ काठमाडौंमा साथीभाई एवं इष्टमित्रसँग भेटघाट गरेर मनाउनेको लर्को सडकमा देखिन्थ्यो। मठ मन्दिर, उद्यान, स्मारक जस्ता स्थलमा सामूहिक वनभोज गरी नयाँ वर्ष मनाएको दृश्य पनि देखिन्थे।

सूर्यको गतिसँग चल्ने भएकाले विक्रम संवत शाश्वत भएको राष्ट्रिय धर्मसभाका अध्यक्ष प्राडा माधव भट्टराई बताए। उनले सूर्य मेष राशिमा प्रवेश गर्दा सुरु भएर मीन राशि छोड्दा यो संवतको पुरानो वर्ष सकिएर नयाँ वर्ष सुरु हुने भएकाले वैज्ञानिक रहेको बताए। सौरमान र चान्द्रमानको समन्वय पनि विक्रम संवतमा भएको र कलियुग सुरु भएको ३ हजार ४४ वर्षपछि विक्रम संवत आरम्भ भएको मानिन्छ। नयाँ वर्षका अवसरमा वैशाख महिनाको पहिलो दिन राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री वालेन्द्र शाह, सभामुख डोलप्रसाद अर्याललगायतले सन्देश जारी गरी शुभकामना प्रदान गरेका छन्।

यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने, नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाललगायतले पनि शुभकामना सन्देश जारी गरेका थिए।



# अन्तर्साम्राज्यवादी अन्तर्विरोध...

खोजीमा विदेशजान बाध्य भएका छन् । बाहिर नगए नेपालीको चुलोमा आगो बल्ने स्थिति छैन । अहिलेसम्म विप्रेषणले चलेको नेपाली अर्थतन्त्र पनि हालैको अमेरिका-इरान युद्धले ध्वस्त हुने र मध्यपूर्वका रोजगार युवाहरू अलपत्र हुने स्थिति बन्दै गएको छ । भ्रष्टाचार, महङ्गी, अनियमितता आदि ब्याप्त भएको छ । देशमा जनजीविकाका समस्या भयावह बन्दै गएका छन् । यी यावत समस्याका पछाडि नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र तत्कालीन नेकपा (माके) को नेतृत्वमा बनेका सरकारहरू जिम्मेवार छन् ।

अमेरिकी साम्राज्यवादका लागि चीन प्रमुख प्रतिस्पर्धी बन्दैगएको आजको स्थितिमा अमेरिकाले चीनलाई घेराहाल्न नेपालमा प्रत्यक्ष हैकम बढाउँदै आएको छ । पहिले भारत मार्फत् आउने अमेरिका पछिल्लो चरणमा भारतमा मात्र भरपरेको छैन । एमसीसी जस्तो सैन्य परियोजना मार्फत् अमेरिकाले नेपालमा आफ्नो सिकञ्जा कस्दै लगेको छ । अमेरिकाको पक्षमा जनमत निर्माण गर्न नेपालमा अमेरिकी साम्राज्यवादद्वारा बारबरा फाउन्डेसन, अमेरिकी युथ काउन्सिल, समता फाउन्डेसन, फ्रि तिब्बत स्टुडेन्ट मुभमेन्ट, टिओबी ( त्ष्दभतबल इचष्नष्लर्बा द्यियिम) र हामी नेपाल जस्ता अनेकौं गैरसरकारी संस्थाहरू सञ्चालन गरिँदै आएका छन् । सैन्य अखडा खडागरी चीनविरोधी गतिविधि अगाडि बढाउन अमेरिकाले नेपाल सरकारसँग एसपीपी सम्झौता अनुमोदन गराउन दवाव दिँदै आएको छ । तत्कालीन नेपाली सेना प्रमुख राजेन्द्र क्षेत्रीले हस्ताक्षर गरी एसपीपीमा सहमति जनाएको भएपनि देशभक्त शक्तिहरूको दवावका कारण तत्कालीन शेर बहादुर देउवा नेतृत्वको सरकारले त्यसलाई अनुमोदन गरेन । यो स्थितिमा नेपाली काङ्ग्रेस लगायत पुराना संसदवादी पार्टीका नेताहरूबाट अमेरिकी स्वार्थ पुरा नहुने देखेपछि अमेरिकालाई नेपाली संसद र सरकारमा नयाँ र भरपर्दो पार्टीको आवश्यकता खड्कियो । यही आवश्यकता पुरा गर्न राष्ट्रिय स्वतन्त्र पार्टीलाई अगाडि ल्याइएको हो ।

उपरोक्त पृष्ठभूमिमा भ्रष्टाचारको नियन्त्रण, भ्रष्टहरूमाथि कार्बाही, सुशासनको प्रत्याभूति र सामाजिक सञ्जालमा ओली सरकारले लगाएको प्रतिबन्ध फुकुवा जस्ता जनताका स्वाभाविक र न्यायपूर्ण मागहरूलाई अगाडि सारेर अमेरिकी साम्राज्यवादद्वारा भाद्र २३ गते जेन-जेड "विद्रोह" भडकाइएपछि देश भयावह स्थितिमा प्रवेश गरेको छ । शासन सत्ताको नेतृत्वमा रहेका नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी जस्ता साम्राज्यवादका पुराना दलाल पार्टीहरू समेतलाई बाइपास गरेर नेपालमा अमेरिकी साम्राज्यवाद तथा भारतीय विस्तारवादको सहमतिमा सुशीला कार्की नेतृत्वको कठपुतली सरकार गठन गरियो । सुशीला कार्की प्रधानमन्त्री भएपछि उनलाई दलाई लामाले बधाइ दिएको घटनाले भूराजनीतिक मामिलामा विशेष अर्थ राख्दछ । राष्ट्रिय स्वतन्त्र पार्टी जस्तो अमेरिकी साम्राज्यवादको नयाँ दलाललाई शासन सत्तामा पुऱ्याउने योजनामा प्रधानमन्त्री सुशीला कार्कीद्वारा गत फागुन २१को संसदीय निर्वाचन घोषणा गराइएको हो । निर्वाचनका पछाडि रहेको साम्राज्यवादी उद्देश्यको समग्र विश्लेषण सहित पार्टीले गत मङ्सिरमा सम्पन्न केन्द्रीय समितिको बैठकमा "साम्राज्यवादद्वारा प्रायोजित संसदीय निर्वाचन बहिष्कार गरौ ! स्वाधीन संयुक्त सरकार गठन गरौं !" भन्ने कार्यनीतिक नारा निर्धारण गरी फागुन २१ को संसदीय नर्वाचन बहिष्कार गर्ने निर्णय गरेको हो ।

सुशीला कार्की नेतृत्वको सरकारद्वारा गत फागुन २१ गते गराइएको संसदीय निर्वाचन राष्ट्रिय स्वतन्त्र पार्टीको पक्षमा करिब दुई-तिहाई मतपरिणाम सहित सम्पन्न भएको घोषणा गरिएको छ । यस निर्वाचनमा पुराना संसदवादी दलहरू नराम्रोगरी किनारा लगाइएका छन् । यो परिणामका पछाडि मुख्यतः निम्नानुसारका कारणले काम गरेका छन् । ती हुन् : एक, नेपाली काङ्ग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाली कम्युनिस्ट पार्टी जस्ता पुराना संसदवादी दलहरूप्रति जनताको व्यापक असन्तुष्टि तथा आक्रोश; दुई साम्राज्यवादी मिडियाको एकपक्षीय प्रचारबाजी अर्थात् एल्गोरिदमको प्रयोग र तीन, सरकारी अधिकारी, सैन्य कर्मचारी तथा गुप्तचर एजेन्टहरूको गोप्य सञ्जाल अर्थात् डिप स्टेटको भूमिका । यसरी निर्वाचनमा यो परिणाम आउनुका पछाडिको कारण रास्वपाको नीति तथा राजनीतिक कार्यक्रमप्रति जनताको आकर्षण भएर होइन; नेका, एमाले र नेकपालाई हराउन सक्ने वैकल्पिक शक्तिको खोजी हो । यो निर्वाचनमा एमाले र नेकपाको सर्मनाक हारलाई देखाएर साम्राज्यवादका भरौटेहरूले नेपालबाट कम्युनिस्टहरू पत्तासाफ भएको घोषणा गरेका छन् । यो पराजय वास्तवमा नव-उदारवादलाई सिरानी हालेर नेपालको विशिष्ट सन्दर्भमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गरेको बखान गर्ने दक्षिणपन्थी संशोधनवादीहरूलाई जनताले दिएको कठोर सजायको परिणाम हो । यो क्रान्तिकारी कम्युनिस्टहरूको हार होइन ।

नेपाली सेनाले आफूलाई राष्ट्रिय स्वाधीनताको पक्षमा रहेको भ्रम दिन खोजे पनि पछिल्लो चरणमा यसको राष्ट्रघाती चरित्र पर्दाफास हुँदै आएको छ । एसपीपीलाई स्वीकार्नेदेखि भदौ २४ गतेको घटनामा आफ्नै सुरक्षा घेराभित्र रहेको सिंहदरवार र राष्ट्रपति भवन लगायत देशैभरि आगजनी, तोडफोड र लुटपाटका घटना हुँदा नेपाली सेना मुकदर्शक बनेर बस्ने र सुरक्षाको नाममा सरकार प्रमुख सहित राजनीतिक नेतृत्वलाई नियन्त्रणमा लिई अमेरिकी साम्राज्यवाद तथा भारतीय विस्तारवादको योजना अनुसार सुशीला सरकारको गठनमा निर्णायक भूमिका खेल्ने कामबाट नेपाली सेनाको नेतृत्व पङ्क्ति मुख्यतः अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विश्वासिलो मतियार बनेको कुरामा अब कुनै शङ्का छैन । यसका अतिरिक्त नेपालको राज्यसत्ताका सबै अङ्गहरू न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका समेत साम्राज्यवादको इसारामा नाचेको छर्लङ्ग देखिन्छ । न्यूनतम अध्ययन तथा अनुसन्धान नै नगरी गगन थापा नेतृत्वको नेपाली काङ्ग्रेसलाई आधिकारिकता प्रदान गरेको घटनाबाट निर्वाचन आयोग समेत साम्राज्यवादीहरूको योजनामा चलेको छ भन्ने स्पष्ट भएको छ । निर्वाचनको सन्दर्भमा पार्टीले आयोजना गरेका पर्चा वितरण जस्ता सामान्य प्रचारात्मक कार्यक्रम पनि सुशीला सरकारले हुन दिएन । हाम्रो पार्टीका थुप्रै नेता तथा कार्यकर्ताहरू गिरफ्तारीमा परे । शान्तिपूर्ण ढङ्गले आफ्नो मत जनताका सामु राख्न पाउने सामान्य जनवादी अधिकार पनि खोसियो । यो फासीवादको चरम नमूना हो ।

यसरी यो निर्वाचनको प्रक्रियाबाट साम्राज्यवादले नेपालको शासन सत्तामा नयाँ दलालहरू भर्ति गरेर आफ्नो नव-औपनिवेशिक मिसन तत्काललाई पूरा गरेको छ । निर्वाचनमा मतगणनाको नतिजा आउँदा नआउँदै काठमाण्डौ स्थित अमेरिकी राजदूतावासले नयाँ सरकारसँग सुरक्षा सहकार्य गर्न आतुर रहेको भनी वक्तव्य दिनुले नेपालमा सैन्य अखडा खडागरी सामान्यतः पुरै दक्षिण एसिया र विशेषतः चीनलाई घेराबन्दी गर्ने अमेरिकाको साम्राज्यवादी मिसन रहेको कुरामा अब शङ्का गर्नुपर्ने ठाउँ छैन । यसरी राष्ट्रिय स्वाधीनता माथिको खतरा प्रमुख बनेर आएको वर्तमान सन्दर्भमा पार्टीले अगाडि सारेको स्वाधीन संयुक्त सरकारको कार्यनीति सही सावित भएको छ । यो स्थितिमा पार्टीको कार्यदिशालाई समृद्ध गर्न र साम्राज्यवाद विरोधी संयुक्त मोर्चाको नीतिलाई तदनुसार विकास गर्न पार्टीले विशेष ध्यान दिनु पर्दछ ।

यो स्थितिमा पार्टीले अगाडि सारेको राष्ट्रिय राजनीतिक सम्मेलन, संयुक्त मोर्चाको निर्माण र स्वाधीन संयुक्त सरकारको कार्यनीतिक कार्यक्रमलाई जोड दिएर अगाडि बढाउनु पर्दछ । कुन पार्टीलाई संयुक्त मोर्चामा ल्याउने र कुन पार्टीलाई नल्याउने भन्ने प्रश्न ती पार्टीहरूले हिजोसम्म अभ्यास गर्दै आएका राजनीतिक कार्यदिशा र कार्यक्रमका आधारमा होइन, आज राष्ट्रिय स्वाधीनतामा आएका खतराका विरुद्ध कसको के अडान हुन्छ भन्नेबाट निर्धारण गर्नु पर्दछ । यसका लागि पार्टीले सबैभन्दा पहिला संयुक्त मोर्चा निर्माणको एउटा कार्यपरिधि (त्भचकक या चभाभचभलअभ) तयार पारी त्यसलाई व्यापक जनताका बीच छलफलमा लैजानु पर्दछ । सो कार्यपरिधीमा आउने विचारका आधारमा कुन पार्टी, समूह वा व्यक्तित्वसँग संयुक्त मोर्चा गर्ने र कोसँग नगर्ने भन्ने टुँगो लगाएर संयुक्त मोर्चाको गठन प्रक्रियामा प्रवेश गर्नु पर्दछ ।

जेन-जेडका नाममा गराइएको "विद्रोह", सुशीला सरकारको गठन, फागुन २१को ससदीय निर्वाचन, निर्वाचनमा रास्वपाले प्राप्तगरेको मत परिणाम र बालेन्द्र सरकार गठनको श्रृङ्खला साम्राज्यवादको योजनामा भएको प्रष्ट छ । बालेन मन्त्रीमण्डलमा समावेश गरिएका अधिकांश मन्त्रीहरू अमेरिकी गैर-सरकारी संस्थाका सञ्चालक वा त्यससँग जोडिएका अमेरिकी दलालहरू रहेका छन् । यो सरकार सामान्यतः साम्राज्यवाद र त्यसमा पनि मुख्यतः अमेरिकी साम्राज्यवादको कठपुतली सरकार हो ।

गत भाद्र २३ र २४ गतेको जेन-जेड "विद्रोह" बारे अध्ययन गरी प्रतिवेदन पेश गर्न सुशीला कार्की नेतृत्वको कठपुतली सरकारले गौरीबहादुर कार्कीको नेतृत्वमा एउटा आयोग गठन गरेको थियो । सो आयोगले निर्वाचन पूर्व नै आफ्नो प्रतिवेदन सरकार समक्ष पेश गरेको भएपनि सुशीला सरकारले त्यसलाई सार्वजनिक गरेन । निर्वाचन परिणाम आइसकेपछि उक्त प्रतिवेदनलाई जनआस्था साप्ताहिक मार्फत बाहिर ल्याइएपछि मात्र सुशीला सरकारले उक्त रिपोर्ट सार्वजनिक गऱ्यो । सोही प्रतिवेदनले कार्वाहीको सिफारिस गरेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक लगायतका व्यक्तिलाई बालेन सरकारले गिरफ्तार गरी मुद्दा अगाडि बढाएको छ ।

आयोगको रिपोर्टले २०८२ भाद्र २३ गतेको जेन-जेड विद्रोहमा भएको गोलीकाण्डबारे ओली सरकारलाई जिम्मेवार ठहराएको छ । यो निष्कर्ष तर्कसङ्गत नै देखिन्छ । तर २३ गते भन्दा पहिल्यैदेखि विध्वंशको तयारी गर्ने पात्रहरू र भाद्र २४ गते देशैभरि गरिएका आगजनी, लुटपाट र विध्वंशमा संलग्न हुने अपराधीहरूबारे गौरीबहादुर आयोगको रिपोर्टले केही बोलेको छैन । यसरी गौरीबहादुर कार्कीको प्रतिवेदन पूर्वाग्रही तथा अपूरो छ र जेन-जेड "विद्रोह" का अपराधीलाई जोगाउने उद्देश्यद्वारा प्रेरित छ । यसै गरी साम्राज्यवादी मिडिया बीबीसीले तयार पारेको डकुमेन्ट्री पनि सोही उद्देश्य पुरा गराउने खेल थियो भन्ने कुरा स्पष्ट छ ।

यही चैत्र १३ गतेको बालेन्द्र साहको नेतृत्वमा गठित मन्त्री परिषदको बैठकले तत्काल सरकारले गर्नु पर्ने भनी १०० ओटा कामहरूको सूची तयार गरी त्यसलाई १४ गते सार्वजनिक गरेको छ । त्यो सूचीमा सरकारी काम छिटो छरितो गर्न प्रविधिको प्रयोग अर्थात् डिजिटलाइजेशनलाई निकै जोड दिएको छ । कामको २१औं नम्बरको सुचीमा "राष्ट्रिय परिचय पत्रलाई अनिवार्य एकल परिचय प्रणालीका रूपमा प्रयोग गर्ने तथा सबै सेवा प्रक्रियालाई फेसलेस, टाइम-बाउण्ड र ट्र्याकिङ् योग्य बनाउने ।" भनी उल्लेख गरिएको छ । यो नेपाली नागरिकताको प्रमाणपत्रलाई विस्थापित गर्ने, नेपाली नागरिक हुनुको राष्ट्रिय गौरवलाई कमजोर पार्ने र राष्ट्रिय परिचयपत्रलाई ट्र्याकिङ् योग्य बनाउने सरकारको निकै खतरनाक निर्णय हो । यसले नेपाली नागरिकलाई नेपाली पहिचानबाट विमुख पार्ने र हरेक नेपालीलाई राष्ट्रिय परिचयपत्र मार्फत् साम्र्राज्यवादको सूचना प्रणाली भित्र पारी उनीहरूका दैनिक गतिविधिको निगरानी गर्ने एउटा वैधानिक बाटो खोलिदिएको प्रस्ट छ । यसले अन्ततः नेपालको राष्ट्रिय सुरक्षा तथा नेपाली राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतालाई साम्राज्यवादको नियन्त्रणमा पुऱ्याउने काम गरेको छ ।

यस सूचीमा उल्लिखित ६० नम्बरको काममा सरकारले "निजी क्षेत्र संरक्षण तथा प्रवर्धन रणनीति" तयार गरी त्यसलाई लागु गर्ने भनेको छ । यो बहुराष्ट्रिय कम्पनीहरूलाई नेपालको प्रचूर प्राकृतिक सम्पदा तथा सस्तो श्रम लुट्न साम्राज्यवादका लागि निर्वाध बाटो खोल्ने नीति हो । यसले राष्ट्रिय अर्थतन्त्रलाई ध्वस्त पार्ने र देशलाई झन पराधीन बनाउने कुरा स्पष्ट छ । यसरी बालेन नेतृत्वको सरकार गठन र त्यसले अगाडि सारेको १०० बुँदे कार्यक्रमले यो मुख्यतः अमेरिकी साम्राज्यवादको इसारामा चल्ने राष्ट्रघाती सरकार हो र यसबाट नेपालको राष्ट्रिय स्वाधीनता माथिको खतरा प्रधान भएको तथ्यलाई पुनः पुष्टि गरेको छ । नेपालको राष्ट्रिय स्वाधीनताका विरुद्ध यतिबेला अमेरिकी साम्राज्यवाद अग्रपङ्क्तिमा भए पनि भारतीय विस्तारवाद नेपाली क्रान्तिको दुश्मन रहिआएको छ । क्षेत्रीय शक्तिका रूपमा रहेको भारतीय विस्तारवादका विरुद्ध भारत लगायत दक्षिण एसियाका क्रान्तिकारी पार्टी तथा जनताका बीचको संयुक्त मोर्चा निर्माणमा विशेष जोड दिनु पर्दछ । नेपाललाई बेवास्ता गरी त्रिदेशीय नाका लिपुलेक क्षेत्रबाट भारत र चीनले हालै व्यापार सुरुगर्न गरेको निर्णयको पार्टी विरोध गर्दछ ।

### पार्टी कामको समीक्षा

पार्टी कामको समीक्षा गर्दा यसलाई दुई खण्डमा गर्नु उपयुक्त देखिन्छ । पहिलो, जेन-जेड "विद्रोह" बारे तत्काल पार्टीले निकालेको निष्कर्ष, दोस्रो संसदीय निर्वाचनको बहिष्कार ।

जेन-जेड "विद्रोह" : गत भदौ २३ गतेको जेन-जेडको स्वतस्फूर्त "विद्रोह" न्यायपूर्ण रहेको र २४ गते अमेरिकी साम्राज्यवादका दलालहरूद्वारा त्यसलाई अपहरण गरिएको भनी पार्टीले त्यतिबेला मूल्याङ्कन गरेको थियो । उक्त "विद्रोह"का लागि गरिएको पूर्व तयारी; २३ गतेको "विद्रोह"; २४ गतेको आगजनी, लुटपाट तथा विध्वंश; सुशीला सरकारको गठन; सुशीला कार्कीलाई दलाइ लामाको बधाई; फागुन २१ को निर्वाचन र बालेन सरकारको गठनसम्म आइपुग्दा भाद्र २३ को "विद्रोह" एउटै श्रृंखला भएको र त्यो नेपालको शासनसत्ता परिवर्तन गर्ने अमेरिकी साम्राज्यवादी योजना र भारतीय सहमतिमा गराइएको कुरा अब कतैबाट छिपेको छैन । यसरी त्यतिबेला प्राप्त सिमित सुचनाका आधारमा भाद्र २३ र २४ लाई अलग गरेर हेर्ने पार्टीको त्यो निष्कर्ष यथार्थसँग मेल नखाएको हुनाले त्यसलाई सच्याउनु पर्दछ । जहाँसम्म भाद्र २३ को "विद्रोह"मा युवा विद्यार्थीहरूको व्यापक सहभागिताको प्रश्न छ, त्यो सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्ध माथिको आक्रोसका पृष्ठभूमिमा सुशासनको प्रत्याभूति र भ्रष्टाचारको अन्त्य जस्ता जनपक्षीय नाराबाट उनीहरू आकर्षित हुनुको परिणाम हो । अमेरिकी दलालहरूको भित्री योजना थाह नभएको तर बाहिर ल्याइएका नाराहरू आकर्षक रहेको आधारमा युवाहरू २३ को "विद्रोह"मा संलग्न भएका हुन् । युवाहरूको देशभक्ति, इमान्दारी र जनपृय नाराप्रतिको आकर्षणलाई दुरूपयोग गरेर साम्राज्यवाद आफ्नो उद्देश्य पुरा गर्न सफल भएका छ ।

### निर्वाचन बहिष्कार

केन्द्रीय समितिको यो बैठकले चितवन बैठकको निर्वाचन बहिष्कार गर्ने निर्णय र त्यसपछिका बहिष्कार कार्यक्रमहरूको समीक्षा गर्दा हामी निर्वाचनमा प्रतिक्रियावादीहरूले गरेका दमन धरपकड तथा षडयन्त्र, पार्टीको योजना तथा त्यसको कार्यान्वयन र त्यसप्रति जनताको प्रतिक्रियामा केन्द्रित हुनु पर्दछ ।

सर्वप्रथम यो संसदीय निर्वाचनमा मतदाताको उत्साहजनक उपस्थिति रहेन । यो निर्वाचनका पछाडि एल्गोरिदम (Algorithm) र डिप स्टेट (Deep State) को ठुलो भूमिका रह्यो । त्यसमाथि, यो चुनाव अमेरिकी साम्राज्यवादले नेपाली सेना सहित राज्यका तीनओटै अङ्गहरूलाई पारेको प्रभाव र पुराना संसदवादी पार्टीहरू प्रति जनताको आक्रोशका बीचबाट गराइयो । अमेरिकी साम्राज्यवादले नयाँ र भरपर्दा दलालहरूको नेतृत्व रहेको राष्ट्रिय स्वतन्त्र पार्टीलाई करिब दुईतिहाई मतको व्यवस्था गराउने काममा सुशीला सरकारलाई राम्रोगरी प्रयोग गऱ्यो । अर्कोतिर, जनताले निर्वाचनको स्वतस्फूर्त बहिष्कार पनि गरे । दार्चुलामा दुईओटा, दाङ्मा दुईओटा, बझाङ्मा एउटा, ओखलढुङ्गामा एउटा र दोलखामा एउटा गरी जम्मा सातओटा निर्वाचन बुथबाट मतपेटिकाहरू खाली फर्के । यसले संसदीय व्यवस्था, संसदवादी पार्टी र निर्वाचनप्रति जनताको विश्वास क्रमशः टुट्न थालेको देखिन्छ । यो स्थितिमा पार्टीको चितवन बैठकले गरेको सत्ता तथा व्यवस्थाको भण्डाफोर र संसदीय निर्वाचनको बहिष्कार गर्ने निर्णय सही एवम् वस्तुवादी सावित भएको छ ।

पार्टीले सञ्चालन गरेको बहिष्कार कार्यक्रमको प्रचारात्मक पक्ष सामान्यतः सफल रहेको र त्यसको कार्यान्वयन पक्ष कमजोर रहेको छ । यो बहिष्कार कार्यक्रम ससदीय व्यवस्थाको भण्डाफोर गरी त्यसलाई जनताका नजरबाट गिराउन, जनसमुदायको क्रान्तिकारी भावना र चेतना समृद्धगर्न, सम्पूर्ण पार्टी पङ्क्ति तथा जनतालाई ज्वारभाटाका विरुद्ध उभिने सन्देश दिन र कम्युनिस्ट नामका दक्षिणपन्थी संशोधनवादीहरूको भन्दा भिन्न कम्युनिस्ट पार्टीको स्वतन्त्र र क्रान्तिकारी पहिचान स्थापित गर्न एक हदसम्म सफल रहेको छ । यसले संशोधनवादको भण्डाफोर गरी मार्क्सवाद-लेनिनवाद-माओवादलाई नेपाली क्रान्तिमा स्थापित गर्ने एउटा वैचारिक आधार खडा गरेको छ ।

पार्टीले निर्वाचन बहिष्कारका कार्यक्रमहरूलाई एकल र संयुक्त रूपमा अगाडि बढायो । पार्टीको नेतृत्वमा सबैतिर एकल कार्यक्रमहरू सम्पन्न भए तर ती त्यति व्यवस्थित र प्रभावकारी भएनन् । सम्बन्धित पार्टी कमिटीका बैठकमा बहिष्कारका कार्यक्रमको मूर्त योजना बनाई पुरै पार्टी पङ्क्तिलाई उत्साहजनक ढङ्गले परिचालन गर्न सकिएन । पहिलो र दोस्रो चरणका प्रचारात्मक कार्यक्रमहरू सामान्यतः सफल रहे पनि तेस्रो चरणका कार्यक्रमहरू कार्यान्वयन गर्न कतिपय ब्यूरोहरूले पहल नै गरेको पाइएन । यसमा प्रतिक्रियावादी सत्ताको दमन तथा धरपकड, पार्टीमा रहेको आत्मसुरक्षावादी चिन्तन र कम्युनिस्ट नामधारी संशोधनवादी पार्टीहरूको दक्षिणपन्थी हावाले पनि काम गऱ्यो । अर्कोतर्फ, ६ ओटा पार्टीका बीच केन्द्रीय संयुक्त सङ्घर्ष समितिको निर्माणले जनताका बीचमा राम्रो सन्देश दियो । बीचमा दुई ओटा पार्टीहरू सङ्घर्ष समितिबाट अलग्गिए पनि बाँकी ४ ओटा पार्टीले संयुक्त सङ्घर्ष समितिको कामलाई सन्तोषजनक रूपमा अगाडि बढाए । यसले क्रान्तिकारी पार्टीहरूका बीचमा एउट प्रभावकारी संयुक्त मोर्चा निर्माण गर्ने आधार तयार गरेको छ ।

# सुदूरपश्चिममा बिसु पर्व : घर फर्कनेको सीमानामा घुइँचो

**काठमाडौं ।** 'वर्ष दिनकी एकै बिसुः बिषुकी घरै नाई' सुदूरपश्चिममा प्रचलित लोककथनले बिसु पर्वको सामाजिक, सांस्कृतिक र भावनात्मक मत्त्वलाई स्पष्ट रूपमा झल्काउँछ । देशविदेशमा रहेका परिवारजनहरू हरेक वर्ष नयाँ वर्ष अर्थात बिसु पर्व मनाउन घर फर्कनै पर्ने मान्यताका कारण सुदूरपश्चिमका गाउँबस्तीमा चहलपहल र उत्साह बढेको हो ।

रोजगारीका लागि परदेश भारत पुगेका सुदूरपश्चिमका स्थानीयहरू फर्कनेहरूको सीमानाकाहरूमा घुइँचो बढेको हो । नयाँ वर्ष नजिकँदै गर्दा एक दिनका लागि भए पनि सुदूरपश्चिममा भारतबाट फर्कनेमध्ये पहाडी क्षेत्रका बासिन्दाको संख्या उल्लेख्य छ । नयाँ वर्षको पहिलो दिन वैशाख १ गते मनाइने बिसु पर्व केवल चाड मात्र नभई पारिवारिक पुनर्मिलन, सामाजिक एकता र सांस्कृतिक निरन्तरताको प्रतीकका रूपमा स्थापित हुँदै गएको छ । स्थानीयका अनुसार रोजगारी, अध्ययन वा अन्य कारणले देश-विदेशमा रहेकाहरू बिसु पर्व मनाउनका लागि घर फर्कने परम्पराले गाउँघरमा विशेष रौनक थपेको छ । यस पर्वको अवसरमा नयाँ लुगा लगाउने, आफन्त र परिवारसँग भेला भएर मिठो मसिनो परिकार खाने तथा वर्षभरिका सुखदुःख साटासाट गर्ने चलन रहिआएको नेपाल पत्रकार महासंघ कञ्चनपुरका पूर्वअध्यक्ष हरिप्रसाद जोशीले बताए । यस पर्वका अवसरमा घरघरमा मासु, मालपुवा, खीर, पुरी, बटुक, माणालागायत मौलिक परिकारहरू बनाउने प्रचलन रहेको छ ।

जोशीबा अनुसार यी परिकार केवल खानाका रूपमा सीमित नभई पुस्तौंदेखिको परम्परा र सामूहिक जीवनशैलीको प्रतीकका रूपमा रहेको छ । बिसु पर्वको अर्को मत्त्वपूर्ण पक्ष बिहानै अनिवार्य स्नान गर्ने रहेको पनि उनले बताए । 'बिहान ब्रह्ममुहूर्तमा नुहाएपछि रोगव्याध हट्ने र शरीर शुद्ध हुने जनविश्वास रहिआएको छ' उनले भने 'ननुहाए 'विष लाग्ने' भन्ने मान्यता पनि प्रचलित छ ।' स्नानपछि देवदर्शन गर्ने, मान्यजनबाट टीका ग्रहण गर्ने र परिवारसँग बसेर मिठामसिना परिकार खाने चलनले धार्मिक आस्था र पारिवारिक सम्बन्धलाई अझ मजबुत बनाउने जोशीको भनाइ छ । बिसु पर्वमा बिहानैदेखि महिलाहरू घरायसी परिकार तयार पार्न व्यस्त देखिन्छन् । स्नानपछि देवदर्शन गरी परिवारका सदस्यहरू एकै ठाउँमा बसेर टिकोटालो गर्ने, मिलेर मौलिक परिकार खाने र भलाकुसारी गर्ने परम्पराले सामाजिक एकता र आत्मीयता बढाउने उनले विश्वास व्यक्त गरे । 'यो पर्वको सबैभन्दा रोचक र मौलिक पक्ष 'सिस्नो लगाउने' चलन हो' स्थानीय संस्कृतिका जानकार तर्कराज भट्टले भने 'देवरभाउजबीच रमाइलोका रूपमा सिस्नो लगाएर ठट्टा गर्ने चलनले परिवारभित्रको सम्बन्धलाई हाँसो, माया र नजिकपनले भरिदिने गर्छ ।'

बिसु पर्वका अवसरमा भाउजु नभएकाहरूले आफैंले सिस्नो छुने चलन रहेको छ । यसरी सिस्नो लगाउँदा शरीरका विकार हट्ने, जाडोको असर कम हुने र बाथजस्ता रोग नलाग्ने विश्वास गरिन्छ ।' शुक्लाफाँटा नगरपालिका-११ का शंकरदत्त जोशीले भने 'सिस्नो लगाउन आएका देवर देखेर भाउजु लुक्ने गर्दथे । लुकेको ठाउँ पत्ता लगाएर सिस्नो लगाइन्थ्यो, भाउजुले पनि यसलाई सहज रूपमा स्वीकार्थे । लुकेर देवरलाई खोज्न लगाउने र सिस्नो लगाउनेसम्मका रमाइला दृश्य हुन्थे ।' उनले पछिल्लो समय यस्तो रौनक विस्तारै हराउँदै गएको बताए । ज्योतिषीय दृष्टिले बिसु पर्वलाई 'अकाट्य' वा 'अपुच्छ्य' दिनका रूपमा लिइन्छ । स्थानीय दामोदर जोशीका अनुसार यसदिन विवाह, व्रतबन्ध, गृहप्रवेशलगायत शुभकार्यका लागि साइत हेर्नु वा ज्योतिषलाई सोध्नु आवश्यक पर्दैन । 'आज सिधैं गरिएका कार्य पनि शुभफलदायी हुने विश्वास छ' उनले भने ।

सुदूरपश्चिममा बिसुलाई वर्षभरिका चाडपर्वहरूको समापन र नयाँ वर्षको स्वागत गर्ने दिनका रूपमा लिने गरिएको जोशीले बताए 'यसदिन पुराना दुःख, असफलता र थकानलाई बिदाइ गर्दै नयाँ उर्जा र आशासहित जीवनलाई अगाडि बढाउने सांस्कृतिक सन्देश दिइन्छ । यही कारण बिसु सुदूरपश्चिमको मौलिक पहिचान बोकेको मत्त्वपूर्ण पर्वका रूपमा स्थापित भएको छ' उनले भने । जोशीले आधुनिक जीवनशैली, बसाइँसराइ र व्यस्तताका कारण केही परम्परागत अभ्यासहरू ओझेलमा पर्दै गएकामा चिन्ता व्यक्त गरे । उनले विशेषगरी देवरभाउजुबीचको सिस्नो लगाउने चलन, सामूहिक भेटघाट र लामो समयसम्म चल्ने भलाकुसारी अहिले घट्दै गएको बताए ।

बिसु पर्व परिवर्तनका बीच पनि परिवारप्रतिको माया, आफन्तबीचको सम्बन्ध, सामाजिक सहकार्य र सांस्कृतिक निरन्तरताको भावनालाई अझ मजबुत बनाउने मूल सार भएको उनले बताए । सुदूरपश्चिममा मनाइने बिसु पर्वले समयसँगै रूप परिवर्तन गरे पनि यसको आत्मा भने उस्तै सशक्त र जीवन्त रहँदै आएको छ ।

# नयाँ वर्षसँगै मिथिलामा 'जुडशीतल' पर्वको हर्षोल्लास

**काठमाडौं ।** नेपाली नयाँ वर्ष वैशाख महिनाको पहिलो दिन मधेसको मिथिला क्षेत्रमा जुडशीतल पर्व हर्षोल्लासपूर्वक मनाइएको छ । नयाँ वर्ष २०८३ को पहिलो दिन वैशाख महिनाको दुई दिनसम्म जुडशीतल पर्वमा मिथिलाञ्चलमा कूलदेवताको पूरा गर्ने परम्परा समेत रहँदै आएको छ ।

नयाँ वर्ष प्रारम्भ भएको दिन वैशाख महिनाको पहिलो दिन 'सतुवान' र दोस्रो दिन 'जुडशीतल' पर्व मनाउने परम्परा रहँदै आएको छ । विक्रम संवत सुरु भएसँगै गर्मी बढ्ने भएकाले जीवनमा शीतलताको कामना गर्दै 'जुडशीतल' पर्व मनाउने परम्परा रहिआएको छ । उनका अनुसार आज 'सतुवाइन' विधिसँगै यो पर्व मनाउन सुरु भएको हो । मिथिलामा सौरमास गणनामा मनाइने थोरै पर्वमध्ये 'जुडशीतल' पनि पर्दछ । जीवनमा शीतलता जोड्ने भावमा 'जुड' र 'शीतल' जोडेर यो पर्वलाई 'जुडशीतल' भनिएको प्राचार्य कर्णले जानकारी दिए ।

"पर्वको पहिलो दिन आज चना वा बदाम, जौ, मकै, कँगनो, गहुँ, चामल र मुँगसहित सातथरि खाद्यान्नको सातु र माटोको अंखरामा सखरको सर्वत बनाएर कूलदेवतालाई चढाएपछि कूलपुरोहित, ब्राह्मण र साधुलाई दान गरिन्छ' उनले भने । बढ्दो गर्मीमा शीतल दिने चना, मुँग र जौका परिकार यस पर्वमा विशेष मानिन्छन् । पहिलो दिन सातु र सर्वत दान दिएर यिनै परिकार खाने यो विधिलाई मिथिलामा 'सतुवाइन' भन्ने गरिएको प्राचार्य कर्णले जानकारी दिए । उनका अनुसार पर्वको दोस्रो दिन घरघरमा परिवारका ज्येष्ठ सदस्यले आफूभन्दा सानालाई शिरमा जल सिञ्चित गर्दै आरोग्यता, शीतलता र दीर्घ जीवनको आशिर्वाद दिने गर्दछन् । नयाँ वर्षले जीवनमा शीतलता प्रदान गर्न सकोस् भन्ने पर्वको मुख्य सन्देश रहेको मिथिला संस्कृतिका ज्ञाता एवं संस्कृतिविद ध्रुव रायले बताए । यही कारणले पर्वमा चना वा बदामको सातु, दाल, सोहिजन (मुँग) को तरकारी, बदामको पिठोबाट बनाइएका बरी र दही मथेर करी (कढी) पकाएर खाने परम्परा रहिआएको उनले जानकारी दिए ।

संस्कृतिविद रायका अनुसार सहकालको प्रतीक मानिने यो पर्वमा वर्षभरि अनुकूल वर्षाको कामना गर्दै मिथिलाबासी एकापसमा धुलो माटो र हिलो छ्यापाछ्याप गर्ने परम्परा छ । नयाँ वर्षको प्रारम्भमा धुलो र हिलो खेल्ने परम्पराले कृषिकर्ममा निरन्तर जुटिरहन प्रेरित गर्ने उनको भनाइ छ । 'यो पर्वमा माटोसँग जोडिएर रहन प्रतिकात्मक रूपमा हिलो खेल्ने परम्परा छ' स्थानीय ज्येष्ठ नागरिक भुवनेश्वरप्रसाद सिंहले भने । 'यो प्रचलनभित्र कहिल्यै कृषि कामको कमी नहोस् भन्ने सन्देश छ ।'

'यो पर्वमा माटोसँग जोडिएर रहन प्रतिकात्मक रूपमा हिलो खेल्ने परम्परा छ' स्थानीय ज्येष्ठ नागरिक भुवनेश्वरप्रसाद सिंहले भने 'यो प्रचलनभित्र कहिल्यै कृषि कामको कमी नहोस् भन्ने सन्देश छ ।' उनका अनुसार पर्वमा आफ्ना खेतबारीका रुखबिरुवामा पानी सिञ्चित गरेर कहिल्यै पनि चिस्यानको कमी नहोस् भन्ने कामना गरिन्छ । मधेसका मिथिला क्षेत्रका जिल्ला र सीमावर्ती भारतका सीतामढी, झञ्झार पुर शिवहर र सीतागढीसहित जिल्लामा यो पर्व उल्लासका साथ मनाउने गरिन्छ । यो पर्वले आपसी सद्भाव, सहकार्य, समन्वयको सन्देश दिने पाका मैथिली सदस्य बताउँछन् । नयाँ वर्षको प्रारम्भ कृषिसँग जोडेर पूर्वजहरूले 'कृषि मूलश्च जीवनम' भन्ने सन्देश पर्वमार्फत दिएका लोकपरम्परा र संस्कृतिका ज्ञाता कामेश्वर झाले बताए ।

नयाँ वर्ष सुरुआत हुने दिन वैशाख 1 गते अर्थात वर्षको पहिलो दिन देशभर एकआपसमा शुभकामना आदानप्रदान गरी हर्षोल्लासका साथ मनाइएको छ । नयाँ वर्षलाई विशेष पर्वका रूपमा मनाउने प्रचलन गरेका छन् । त्यसैमध्येको नेपालमा वैशाख १ गते नयाँ वर्षलाई विशेष पर्वका रूपमा मनाउने संसारभर मनाउने प्रचलन रहँदै आएको छ । नेपालमा वैशाख १ गतेलाई नयाँ वर्षका रूपमा मानाइँदै आइएको छ । सबैभन्दा पूरानो संवतका रूपमा विक्रम संवतलाई स्थापित छ । सूर्य मीन राशिको भोग समाप्त गरी मेष राशिबाट भोग सुरु गर्ने दिन तथा वैशाख संक्रान्ति अर्थात मेष संक्रान्ति पनि हो । सूर्यको गतिसँग चल्ने भएकाले विक्रम संवत शाश्वत भएको विज्ञहरू बताउँछन् । नयाँ वर्षको अवसरमा सबैले गएको वर्ष गरेका कामको सफलता र असफलता मूल्यांकन गरी असफलता दोहोरिन नदिने र सफलता प्राप्त गर्न योजना निर्माण गर्ने संकल्प गर्छन् ।

वैशाख संक्रान्तिका दिन बिहानै नुहाउने, घरकोठा तथा आँगन सफा गर्ने, मठमन्दिरमा गई पूजाआराधना एवं दर्शन गर्ने, मीठोमीठो खाने, साथीसंगी तथा इष्टमित्रसँग भेटघाट गरी एकआपसमा शुभकामना आदान प्रदान गर्ने चलन रहेको छ । विश्वभर रहेका नेपालीले वैशाख १ गतेलाई नयाँ वर्षका रूपमा मनाउने गरिएको छ । नयाँ वर्षको अवसर पारेर वैशाख एक गते भक्तपुरमा बिस्का जात्रा मनाउने गरिन्छ भने तराई क्षेत्रमा सहलेश फूल फूल्ने भएकाले छुट्टै मत्त्व र विशेषता रहेको छ । बलिदानबाट प्राप्त ऐतिहासिक उपलब्धिको संरक्षण र सुदृढीकरण गर्दै, भविष्यमा देखापर्ने राष्ट्रिय चुनौतीको सामना एकताबद्ध रूपमा गर्ने दृढ संकल्प र अठोटका साथ अघि बढ्नेपर्ने बताए ।

# सरकारको कामका आधारमा कांग्रेसले भूमिका निर्वाह गर्छ : पौडेल

**काठमाडौं ।** नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले सरकारका कामका आधारमा कांग्रेसले सदनमा आफ्नो भूमिका निर्वाह गर्ने बताएका छन् । चितवनको भारतपुर विमानस्थलमा पत्रकारहरूसँग कुराकानी गर्दै पौडेलले कांग्रेस प्रमुख प्रतिपक्षी दलका हिसाबले उपस्थित भएकाले सरकारले गर्न लागेको राम्रा कामप्रति समर्थन र सहयोग रहने बताएका हुन् ।

जनता, लोकतन्त्र, जनजीविका, सुशासनको पक्षमा सरकारले गरेका कामहरूप्रति कांग्रेसको कुनै पनि असहयोग नहुने पौडेलको धारणा थियो ।

पत्रकारहरूसँग फरक प्रसंगमा कुराकानी गर्दै उनले कांग्रेसले संसदीय दलको नेता आन्तरिक रूपमा सर्वसम्मत गर्न खोजिएको भए पनि यो प्रयास असफल भएको जानकारी दिए । सर्वसम्मत या निर्वाचन प्रक्रियाबाट टुंग्याउने गरी वैशाख ४ गते संसदीय दलको नेता चयन हुने उनको भनाइ थियो । अहिलेको नेतृत्वको चाहना पार्टीभित्र एकता कायम गर्दै अघि बढ्नु रहेको समेत पौडेलको भनाइ थियो । अहिलेको समस्याको समाधान १५औं महाधिवेशन भएको विश्लेषण गर्दै पौडेलले अब अदालततर्फ नलागी अधिवेशनतर्फ लाग्नुपर्नेमा जोड दिए ।

# पहाडी र हिमाली क्षेत्रमा हल्का वर्षा र हिमपातको सम्भावना

**काठमाडौं ।** पछिल्लो समय नेपालमा पश्चिमी र स्थानीय वायुको आंशिक प्रभाव रहँदा पहाडी र हिमाली क्षेत्रमा साधारणतया बादल लागेको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार तराई भू-भागमा मौसम मुख्यतया सफा रहेको उल्लेख गरेको छ ।

कोशी, बागमती तथा गण्डकी प्रदेशका पहाडी र हिमाली भूभागका एकदुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षासहित हिमपातको सम्भावना रहेको महाशाखाले बताएको छ । महाशाखाले बुधबार दिउँसो कोशी प्रदेशका पहाडी भू-भागसहित देशका हिमाली भू-भागमा साधारणतया बादल लाग्ने, बाँकी पहाडी भू-भागमा आंशिक बादल लाग्ने र तराई भू-भागमा मौसम मुख्यतया सफा रहने जानकारी दिएको छ ।

कोशी प्रदेशका पहाडी र हिमाली भू-भागका थोरै तथा गण्डकी प्रदेशका पहाडी भू-भागलगायत बाँकी हिमाली भू-भागका एकदुई स्थानमा मेघगर्जन र चट्याङलगायत हल्का वर्षा र हिमपातको सम्भावना रहेको छ । बुधबार राति कोशी र गण्डकी प्रदेशको हिमाली भू-भागमा साधारणतया बादल लाग्ने र लुम्बिनी र सुदुरपश्चिम प्रदेश सहित बाँकी हिमाली र पहाडी भू-भागमा आंशिक बादल लाग्ने, तराई भूभागमा मौसम मुख्यतया सफा रहनेछ । कोशी र गण्डकी प्रदेशको हिमाली भूभागका एकदुई स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना रहेको महाशाखाद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# संयुक्त बैठकपछि विपक्षी दलहरूले के भने सभामुखलाई ?

**काठमाडौं ।** प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने विपक्षी दलहरूले संसदीय अभ्यासअनुसार संसदलाई अगाडि बढाउनुपर्नेमा जोड दिएका छन् । सिंहदरबारमा बिहीबार बसेको विपक्षी दल नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)को संयुक्त बैठकपछि सभामुख डोलप्रसाद अर्यालसँग गरेको छलफलमा ती दलका सांसदहरूले संसदीय अभ्यासअनुसार संसद चल्नुपर्ने र सार्वजनिक लेखा समिति प्रमुख प्रतिपक्षी दलले पाउने पर्ने परम्परालाई स्थापित गर्न आग्रह गरेका हुन् ।

उक्त छलफलपछि नेकपाका संसदीय दलका प्रमुख सचेतक युवराज दुलालले विगतको परम्पराअनुसार नै संसदीय अभ्यासअनुसार संसदलाई अघि बढाउन आग्रह गरिएको जानकारी दिए । प्रमुख सचेतक दुलालले परामर्श समितिमा विगतमा सबै दलहरूसँग परामर्श गरेर कार्य प्रक्रिया बढाउने अभ्यासलाई पनि निरन्तरता दिन आग्रह गरिएको बताए । छलफलका क्रममा सभामुख अर्यालले आगामी बैठकहरूमा दलहरूसँग पर्याप्त छलफल गरेर समन्वयात्मक ढंगले अघि बढ्ने प्रतिबद्धता जनाएको समेत प्रमुख सचेतक दुलालले उल्लेख गरे । सार्वजनिक लेखा समितिको सभापतिमा नेकपाले कांग्रेसलाई सघाउने जानकारी समेत दुलालले दिए ।

छलफलमा कांग्रेसका तर्फबाट अर्जुननरसिंह केसी, भरत खड्का, भीष्मराज आङदेम्बे र योगेश गौचन एवं एमालेबाट गुरु बराल र पदमा अर्याल तथा नेकपाबाट वर्षमान पुन र युवराज दुलाल सहभागी रहेका थिए ।

# प्रहरीसाग सहकार्य गर्नेबारे छलफल

**काठमाडौं ।** काठमाडौंका सडक र सहरी सुरक्षाका लागि काठमाडौं महानगरपालिकाले नेपाल प्रहरीसँग सहकार्य गर्ने जनाएको छ । महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोल र प्रहरी महानिरीक्षक दानबहादुर कार्कीबीच भएको भेटमा काठमाडौंभित्रका सडक, सहरी सुरक्षा र सहरी व्यवस्थापन थप बलियो बनाउन सहकार्य गर्ने विषयमा छलफल भएको महानगरपालिकाले जानकारी दिएको हो ।

कार्यवाहक प्रमुख डंगोलले सडक सुरक्षा र ट्राफिक व्यवस्थापन, अतिक्रमित सार्वजनिक जग्गा संरक्षण र उपयोग, अव्यवस्थित बसोबास व्यवस्थापन, सहरी व्यवस्थापन, सडक मानवमुक्त बनाउने अभियानलगायत विषयमा महानगरपालिकाले नेपाल प्रहरीसँग सहकार्य गर्न चाहेको बताइन् ।

भेटमा प्रहरी महानिरीक्षक कार्कीले महानगरपालिकालाई आवश्यक पर्ने सुरक्षा सहयोग उपलब्ध गराउन आफू तयार रहेको बताए । 'उपत्यका प्रहरी कार्यालयमार्फत महानगरपालिकाका काममा समन्वय हुनेछ, यसका लागि हामीले 'फोकल पर्सन' तोकेका छौं' महानिरीक्षक कार्कीले भने ।

# संसदीय समितिका सभापतिमा मनोनय दर्ता

**काठमाडौं ।** संघीय संसदअन्तर्गत संसदीय समितिहरूको सभापति चयनका लागि बिहीबार मनोनयन दर्ता भएको छ । संघीय संसद सचिवालयले बिहीबार दिउँसो १ देखि ४ बजेसम्म सिंहदरबारस्थित प्रतिनिधिसभा सचिवको कार्यकक्षमा मनोनयन पत्र दर्ता हुने जानकारी दिएको हो ।

उम्मेदवारहरूको सूची समेत बिहीबार साढे ४ बजे नै प्रकाशन गरिने कार्यक्रम तय भएको संचिवालयले जानकारी दिएको हो । प्रतिनिधिसभाअन्तर्गत १० र दुई संयुक्त समितिको निर्वाचन प्रक्रिया बाँकी रहेको छ । समितिको सभापतिको निर्वाचन भने आजका लागि तोकिएको छ ।

सम्बन्धित समितिको बैठकमा प्रसतावकले प्रस्ताव पेश गर्ने र सो प्रस्तावमा समर्थकले समर्थन जनाएपछि निर्णयार्थ प्रस्तुत गरिने तय भएको पनि सचिवालयले जनाएको छ । चैत २७ गते प्रतिनिधिसभाले विषयगत समितिमा रहेका सदस्यहरूको नाम निर्धारण गरेको थियो । सभामुख डोलप्रसाद अर्यालले सोही बैठकमा वैशाख ४ लाई संसदीय समितिका सभापतिको निर्वाचन मिति तोकने निर्णय गरेका थिए । प्रतिनिधिसभाअन्तर्गत रहेका समितिहरूमा कानुन, न्याय तथा मानवअधिकार, कृषि, सहकारी तथा प्राकृतिक स्रोत, पूर्वाधार विकास, महिला तथा सामाजिक मामिला, राज्यव्यवस्था र सुशासन, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि, सार्वजनिक लेखा, अर्थ, अन्तर्राष्ट्रिय सम्बन्ध, पर्यटन र उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिहरू रहेका छन् ।

संयुक्त समितिका रूपमा संसदीय सुनुवाइ र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिहरू कार्यरत छन् । सिंहदरबारमा बिहीबार बसेको विपक्षी दल नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)को संयुक्त बैठकपछि सभामुख डोलप्रसाद अर्यालसँग छलफल गर्दै ती दलका सांसदहरूले संसदीय अभ्यासअनुसार संसद चल्नुपर्ने र सार्वजनिक लेखा समिति प्रमुख प्रतिपक्षी दलले पाउने पर्ने परम्परालाई स्थापित गर्नुपर्नेमा जोड दिएका छन् ।

## नयाँ वर्ष...

सिधै असंवैधानिक पुष्टि हुने गरी सञ्जालीय सरकार गठन गराउन ती तत्त्वहरु सफल भए।

सोही उपक्रमको निष्कर्षस्वरुप २१ फागुनमा प्रतिनिधिसभाको मध्यावधि निर्वाचन सम्पन्न भयो। उक्त चुनावबाट 'नयाँ' भनिएकाहरु सर्वशक्तिसम्पन्न भएर संसद र सरकारमा पुगेका छन्। जे-जस्तो डिजाइन, आधार र पृष्ठभूमिमा अनि जे-जस्ता विभ्रम, प्रचारबाजी र माहोल खडा गरेर गराइएको भए तापनि मूलतः संविधान र कानुनकै परिधिमा, जनताकै हातबाट मतदान गराएर आयोजना गरिएको निर्वाचनबाट गठित संसद अनि त्यसैले चुनेको सरकारलाई तत्कालका निम्ति स्वीकार गरेर त्यो के-कसरी चल्छ, अघि बढ्छ र के-कस्ता परिणाम-दुष्परिणाम दिन्छ- प्रतिक्षारत रहनुको विकल्प छैन। फागुन २१ यताको परिस्थितिलाई कसैले 'महान् परिवर्तन' र 'उत्साहपूर्ण जनअभिमत' का रुपमा अर्थ्याउने जमर्को गरिरहेका छन् भने कसैले चाहिँ 'षड्यन्त्रकै सिलसिला' समेतको संज्ञा दिएका छन्। ती मतमतान्तर सम्बद्ध समूह, दल र पक्षहरुका आ-आफ्नै विश्लेषण, मूल्याङ्कन र तर्क हुन्; कुनचाहिँलाई कति स्वीकार्ने र कति नकार्ने- त्यो त जनता जनार्दनकै अधिकार हो।

ठीक यही परिवेशमा, नेपाल राष्ट्र एउटा भिन्न मोडमा उभिएसँगै वर्ष २०८२ बितेर २०८३ सुरु भएको छ। यस सन्दर्भमा राष्ट्रप्रमुख, दलप्रमुख र राज्यका पदाधिकारीहरुले समस्त देशवासीमा शुभकामना प्रकट गरेका छन्। राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादवलगायतले शुभकामना सन्देश प्रसारित गर्दै 'नयाँ वर्ष हाम्रा लागि देशको साझा राष्ट्रिय लक्ष्य बनाउने र त्यसलाई प्राप्त गर्न संकल्प गर्ने दिनका रूपमा रहेको' उल्लेख गरेका छन्। राष्ट्रपति पौडेलले नयाँ वर्ष २०८३ का अवसरमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं दीर्घायुको शुभकामना व्यक्त गर्दै लक्ष्य त्यसै प्राप्त नहुने भएकाले लक्ष्य प्राप्तिका निम्ति संकल्प र साधना आवश्यक पर्ने धारणा व्यक्त गरेका छन्।

निर्धारित लक्ष्य प्राप्तिका लागि विधि र विधानलाई आत्मसात गर्नुका साथै सुसंस्कृत व्यवहार तथा आचरण आवश्यक पर्नेमा राष्ट्रपति पौडेलले जोड दिएका छन्। मुलुकमा प्रचलनमा रहेका संवतहरू हाम्रो इतिहास, सभ्यता र जीवनका महत्त्वपूर्ण हिस्सा भएका उल्लेख गर्दै यसले हाम्रो सभ्यता, सामाजिक जीवन र परम्पराको प्रतिनिधित्व गर्दै नेपालको गौरवमय विगतलाई सम्झाउने र उन्नत भविष्यतिर अगाडि बढ्न प्रेरित गर्ने उनले चर्चा गरेका छन्।

'हामी नेपालीले नव वर्षलाई विशेष दिन मानी विगतको समीक्षा गर्ने तथा आगामी दिनमा गरिने कार्यका लागि प्रतिज्ञा र संकल्प गर्ने शुभसाइतका रूपमा लिँदै आएका छौं,' उनले उल्लेख गरेका छन्- 'विशेष पर्व र दिनमा जीवनका लक्ष्य निर्धारण गर्ने र त्यसलाई पूरा गर्न संकल्पबद्ध रहने हाम्रो परम्परा रहिआएको छ।'

राष्ट्रपति पौडेलले शुभकामना सन्देशमा भनेका छन्- 'यो निर्वाचनमार्फत नेपाली जनताले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा विधिको शासन, दिगो शान्ति, सुशासन, सामाजिक न्याय सहितको विकास र समृद्धिको चाहना अभिव्यक्त गरेका छन्। यसका लागि हामी दृढ लक्ष्यसहित अगाडि बढ्ने संकल्प गरौं भन्ने पनि चाहेका छन्।' संघीय लोकतान्त्रिक गणतन्त्रको आदर्शप्रति मन, वचन र कर्मले निष्ठा रहने संकल्प गर्नुपर्नेमा जोड उनले दिएका छन्। नागरिकलाई केन्द्रमा राखेर अगाडि बढ्नुपर्ने, सुशासनप्रति प्रतिबद्ध रहनुपर्ने, समावेशीकरण र सामाजिक न्यायप्रति प्रतिबद्ध हुनुपर्ने तथा जस्तोसुकै परिस्थितिमा पनि देशको स्वाधीनता र सार्वभौमिकतालाई झुक्न नदिने गरी काम गर्नुपर्ने राष्ट्रपति पौडेलले उल्लेख गरेका छन्। नयाँ वर्षले संघीय लोकतान्त्रिक गणतन्त्रले राखेको लक्ष्य पूरा गर्ने संकल्प र सामर्थ्य पैदा गरोस् र नेपालीका बीचमा परस्पर विश्वास, सद्भाव, सहिष्णुता र सहयोगको भावनालाई प्रगाढ बनाउँदै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन प्रेरित गरोस् भन्ने कामना समेत उनले गरेका छन्।

यसैगरी, उपराष्ट्रपति रामसहायप्रसाद यादवले नयाँ वर्षलाई केही नौलो कामको थालनी, सकारात्मक सोचको विकास, भ्रातृत्व भाव र स्वस्थ जीवनशैलीका लागि नवसंकल्प लिने अवसरका रुपमा उपयोग गर्नुपर्नेमा जोड दिएका छन्। नयाँ वर्ष २०८३ को उपलक्ष्यमा सुख, शान्ति, समृद्धि सु-स्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दै नववर्षले व्यक्तिगत जीवनमा अनुशासन, स्थिरता र सकारात्मकता ल्याउने उपराष्ट्रपति यादवले उल्लेख गरेका छन्। नयाँ वर्षले सामाजिक र सांस्कृतिकस्तरमा अपनत्व, सहिष्णुता र भाइचारालाई मजबुत बनाउने अवसर पनि प्रदान गर्ने विश्वास समेत उनले व्यक्त गरेका छन्।

आर्थिक उन्नयन, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण तथा जलवायु परिवर्तनजस्ता विषयमा एकजुट भई अघि बढ्ने दृढ संकल्प लिनु जरुरी रहेको उल्लेख गर्दै संविधानले निर्दिष्ट गरेका समानुपातिक प्रतिनिधित्व, सुशासन र समाजवादप्रति प्रतिबद्धता सुदृढ गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रलाई अझ सबल बनाउन सबैलाई उत्प्रेरित गर्न सकोस् भन्ने उनको कामना छ।

नयाँ वर्षको शुभारम्भसँगै तराई-मधेसका केही क्षेत्रविशेषमा मनाइने 'सतुवाइन' 'जुडशीतल' र 'सिरुवा पावनी' पर्व तथा काठमाडौं उपत्यकामा आयोजना हुने 'बिस्काजात्रा' (विश्वध्वजपातन) को पनि सबै नेपालीमा उपराष्ट्रपतिले शुभकामना व्यक्त गरेका छन्। यी पर्वले आपसी मेलमिलाप, सदभाव र भाइचारा अभिव्यक्त गर्न सघाउने भन्दै यसले सांस्कृतिक विविधता र ऐतिहासिक परम्पराको गौरवलाई पनि उजागर समेत गर्ने उनले उल्लेख गरेका छन्।

यसैबीच, नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले मुलुक र जनताको हितका लागि सबैले दलगत स्वार्थ र सीमाभन्दा माथि उठी सहकार्यका साथ अघि बढ्नु आवश्यक रहेको धारणा व्यक्त गरेका छन्। नयाँ वर्षको अवसरमा सबैमा सुख, शान्ति, समृद्धि र निरन्तर प्रगतिको कामना व्यक्त गर्दै शान्त, सभ्य, सुसंस्कृत र आर्थिक रुपले समृद्ध राष्ट्र निर्माणको अभियानलाई सफल बनाउन सम्पूर्ण राजनीतिक दल तथा जिम्मेवार निकाय एकजुट भएर लाग्नुपर्नेमा उनले जोड दिएका छन्।

नेपाली जनताको लामो त्याग, संघर्ष, आन्दोलन र बलिदानबाट प्राप्त ऐतिहासिक उपलब्धिको संरक्षण र सुदृढीकरण गर्दै, भविष्यमा देखापर्ने राष्ट्रिय चुनौतीको सामना एकताबद्ध रुपमा गर्ने दृढ संकल्प र अठोटका साथ अघि बढ्नेपर्ने सभापति थापाले बताएका छन्। नयाँ वर्षले सबै नेपालीबीच आपसी एकता, भाइचारा, सद्भाव र सहकार्यलाई अझ सुदृढ बनाउँदै संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत रुपमा मजबुत बनाओस् भनी कामना गर्दै आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धितर्फ अग्रसर हुन नयाँ ऊर्जा, उत्साह र प्रेरणा प्रदान गरोस् भनने थापाको शुभकामना छ।


# स्वतन्त्र प्रेस, सबल लोकतन्त्र !

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- सञ्चार माध्यमलाई दबाव, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## नेपाली कांग्रेसका...

संघर्षरत छ। संविधानले प्रत्येक नागरिकलाई 'विचार र अभिव्यक्तिको स्वतन्त्रताको हक' सुनिश्चित गरेको छ, जुन लामो प्रजातान्त्रिक आन्दोलनको उपलब्धि हो। तर पछिल्ला दिनमा संगठित साइबर लिंचिङ (Cyber Lynching) को डरले नागरिकहरू आफ्नो विचार निर्धक्क रूपमा राख्न हिचकिचाउने, प्रश्न गर्न वा आलोचना गर्न डराउने अवस्था देखिएको छ। यसले 'स्व-नियन्त्रण (Self–Censorship)' को प्रवृत्ति बढाएको छ। सामाजिक सञ्जालको नियन्त्रित दुरूपयोग, अभिव्यक्तिमाथि अनावश्यक नियन्त्रण र आलोचनात्मक आवाजप्रति गरिएका वा देखिएका कारबाहीले अभिव्यक्ति स्वतन्त्रता खुम्चिँदै गएको छ, जुन गम्भीर चिन्ताको विषय हो। यस प्रवृत्तिको विरुद्धमा उभिन सबै सरोकारवाला पक्षलाई आह्वान गर्दै नेपाली कांग्रेस खुला समाजका पक्षमा निरन्तर पैरवी गर्नेछ।

- गत भदौ २३ र २४ गते भएको आन्दोलन भ्रष्टाचारमुक्त समाज र सुशासनका लागि मात्र नभई अभिव्यक्ति स्वतन्त्रताको पक्षमा पनि लक्षित थियो। त्यस आन्दोलनको आधारमा बनेको वर्तमान सरकारले अभिव्यक्ति स्वतन्त्रता र खुला समाजको अवधारणालाई अक्षुण्ण राख्ने अपेक्षा स्वाभाविक हो। तर सरकारका केही पछिल्ला निर्णय र कार्यशैलीले अभिव्यक्ति स्वतन्त्रता र खुला बहसलाई पर्याप्त स्थान दिन नसकेको प्रारम्भिक संकेत देखिएका छन्। सार्वजनिक बहसलाई प्रोत्साहन नगर्नु र सामाजिक सञ्जालमार्फत विचार अभिव्यक्तिलाई नियन्त्रण गर्न खोज्नु अनुत्तरदायी प्रवृत्ति हो। राज्यको दायित्व नागरिक स्वतन्त्रताको संरक्षण र विस्तार गर्नु हो, संकुचन होइन। असहमति स्वाभाविक हो, तर विचार राख्नै नदिने वा आवाज दबाउने प्रवृत्ति अस्वीकार्य छ। यसले सरकार केवल आफ्नै कुरा मात्र सुन्न चाहन्छ भन्ने संशय उत्पन्न गरेको छ। अतः सरकारलाई नागरिक स्वतन्त्रता विरोधी कुनै पनि कदम नचाल्न नेपाली कांग्रेस ध्यानाकर्षण गराउँछ।
- समानता संविधानको सार हो, स्वतन्त्रता यसको आधारशिला हो र प्रेस स्वतन्त्रता संविधानद्वारा प्रत्याभूत मूलभूत अधिकार हो। सरकारी र निजी सञ्चार माध्यमबीच समान व्यवहार भएमा मात्र प्रेस स्वतन्त्रता व्यवहारमा लागू हुन्छ। निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापनबाट वञ्चित गर्ने कदमले संवैधानिक अधिकारमा गम्भीर आघात पुऱ्याएको छ। सरकारले नियमन गर्न सक्छ तर चयनात्मक (Selective) व्यवहार गर्न सक्दैन। अतः निर्णय सच्याई समान व्यवहार गर्न सरकारलाई आग्रह गरिन्छ।

३. विधिको शासन र राज्य सञ्चालन

- विधिको शासन लोकतन्त्रको आधारभूत सिद्धान्त हो। जतिसुकै उच्च ओहोदामा भए पनि कानुनको दृष्टिमा सबै नागरिक समान हुन्छन् र कोही पनि कानुनभन्दा माथि हुँदैन। राज्यले कानुनसम्मत रूपमा अनुसन्धान गर्न सक्छ र त्यस्तो अनुसन्धानमा सहयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हो। जुनसुकै ओहोदामा बसेका वा जिम्मेवारी सम्हालेका व्यक्ति भए पनि राज्यले कानुनी प्रक्रिया अनुसार अनुसन्धान गर्न खोज्दा त्यसमा सहयोग गर्नु आवश्यक छ भन्ने विषयमा नेपाली कांग्रेस स्पष्ट छ र सबैलाई सहयोग गर्न आग्रह गर्दछ।
- जसरी कानुनसम्मत अनुसन्धानमा सहयोग गर्नु नागरिकको कर्तव्य हो, त्यसैगरी अनुसन्धान गर्दा 'उचित कानुनी प्रक्रिया (Due Process of Law)' पालना गर्नु राज्यको दायित्व हो। सरकार शक्तिशाली भए पनि नागरिक अधिकारको संरक्षणमा कुनै सम्झौता गर्न पाइँदैन र राज्य चयनात्मक हुन हुँदैन। पद र शक्तिको आडमा हुने विभेदपूर्ण वा पूर्वाग्रहयुक्त कार्य लोकतन्त्रमा अस्वीकार्य छन्। अतः सरकारका सबै कार्य-कारबाही कानुनले तोकेको प्रक्रिया अनुसार गर्न-गराउन नेपाली कांग्रेस ध्यानाकर्षण गराउँछ।
- कुनै पनि फौजदारी अपराधमा पक्राउ पुर्जी जारी गर्दा बलियो, ठोस र प्रमाणित आधार हुनुपर्छ र उचित प्रक्रिया पालना गरिनुपर्छ। तर पछिल्ला केही घटनाले पर्याप्त प्रमाणविना, लोकप्रियता हासिल गर्ने उद्देश्यले, आवश्यक कानुनी मापदण्ड पूरा नगरी हतारमा कदम चालिएको देखिन्छ। यस्तो प्रवृत्तिले गैरकानुनी थुनाको अवस्था सिर्जना गर्न सक्छ र व्यक्तिगत स्वतन्त्रताको हनन हुन्छ। अनुसन्धान निष्पक्ष, पारदर्शी र कानुनी प्रक्रिया अनुरूप हुने विश्वास दिलाउन सरकार संवेदनशील र जिम्मेवार हुन आवश्यक छ।

क्रमशः तेस्रो पृष्ठमा

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं